

# आत्माको जीवनबारेमा चिन्तन



रुही प्रतिष्ठान





पुस्तक १

# आत्माको जीवनबारेमा चिन्तन

रुही प्रतिष्ठान

# पुस्तकका श्रृङ्खलाहरू

रुही संस्थानद्वारा विकसित यस श्रृङ्खलाका वर्तमान पुस्तकहरूको सूची तल दिइएको छ। यी पुस्तकहरूको उद्देश्य युवाहरू र प्रौढहरूद्वारा आफ्नो समुदायहरूमा सेवा गर्ने क्षमता वृद्धिगर्नको लागि क्रमबद्ध प्रयासहरूमा पाठ्यक्रमको मुख्य श्रेणीमा उपयोग गर्नुपर्दछ। रुही संस्थान यस श्रृङ्खलाको तेस्रो पुस्तक जो बहाई बच्चाहरूको कक्षाको शिक्षकलाई प्रशिक्षण गर्नसँग सम्बन्धित छ र यसका शाखाहरूको रूपमा अन्य पाठ्यक्रमहरूको पनि विकास भइरहेको छ र यस सूचीमा पनि राखिएको छ। यो तथ्यलाई ध्यानमा राख्नु पर्दछ कि कार्य क्षेत्रमा भएको विकासका अनुभवहरूको आधारमा परिवर्तन गर्न पनि सकिन्छ। यसमा थप पुस्तकहरूलाई सम्मिलित गरिने छ जब पाठ्यक्रम सम्बन्धी तत्वहरू विकसित भएर यस्तो स्तरसम्म पुग्ने छ जब उनीहरूलाई वृहत स्तरमा उपलब्ध गराउन सकियोस्।

पुस्तक १ *आत्माको जीवनबारेमा चिन्तन*

पुस्तक २ सेवा गर्नलाई जागृति

पुस्तक ३ बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा १

बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा २ (शाखा पाठ्यक्रम)

बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा ३ (शाखा पाठ्यक्रम)

बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा ४(शाखा पाठ्यक्रम)

पुस्तक ४ *युगल अवतारहरू*

पुस्तक ५ *किशोर-किशोरीहरूको शक्तिको प्रस्फुटत*

*प्रारम्भिक संवेग पुस्तक ५ को शाखा पाठ्यक्रम*

*व्यापक दायरा पुस्तक ५ को शाखा पाठ्यक्रम*

पुस्तक ६ *धर्मको शिक्षण*

पुस्तक ७ *सेवाको मार्गमा सँगसँगै हिंड्ने*

पुस्तक ८ *बहाउल्लाहको संविदा*

पुस्तक ९ *एक ऐतिहासिक परिदृष्य प्राप्त गर्नु*

पुस्तक १०*जीवन्त समुदायको निर्माण*

पुस्तक ११*भौतिक साधन*

पुस्तक १२*(तयार हुँदै)*

पुस्तक १३*सामाजिक कार्यमा शामिल हुनु*

*पुस्तक १४ (तयार हुँदै)*

Copyright © 2009, 2021 by the Ruhi Foundation, Colombia
All rights reserved. Edition 4.1.2.PE published in Nepali January 2021
Printed in Nepal

Originally published in Spanish as Reflexiones sobre la vida del espíritu
Copyright © 1987, 1995, 2008, 2020 by the Ruhi Foundation, Colombia
ISBN 978-958-59880-3-3

Permission for a limited printing of this book in Nepali has been granted to National Spiritual Assembly of the Bahá'ís of Nepal by the Ruhi Institute.

Ruhi Institute
Cali, Colombia
Email: instituto@ruhi.org
Website: www.ruhi.org

# विषयसूची

टयुटरहरूका लागि केही विचारहरू

बहाई लेखनीहरूको समझदारी ... १

प्रार्थना ... १७

जीवन र मृत्यु ... ३५

# टच्युटरहरूका लागि केही विचारहरू

रुही प्रतिष्ठानद्वारा प्रदान गरिएको मुख्य श्रृङ्खलाका पाठचक्रमहरूको पहिलो पुस्तकः आत्माको जीवनबारेमा चिन्तन विश्वभरि अध्ययन गरिरहेका समुदायहरूको संख्या धेरै वर्षदेखि बढ्दै गइरहेको छ । अति धेरै मामिलाहरूमा, सामग्री पढ्ने र एउटा समूहका मित्रहरूसँग छलफल गरिन्छ, जसले नियमित रूपमा भेटगर्न अध्ययन कक्षा बनाउँछन्, सघन अध्ययनको लागि व्यवस्था गरिएको अभियानमा सँगसँगै आउन सक्छन् वा विद्यलायका बिदाहरूमा एउटा शिविरमा जम्मा हुन सक्छन् । जुनसुकै अवसरमा पनि, समूहको एक सदस्यले एउटा टच्युटरको रूपमा काम गर्दछ । टच्युटर र अरू सहभागीहरूको सम्बन्ध एउटा शिक्षक र विद्यार्थीहरूको जस्तो हुँदैन; सबै होसियार भएर, सिक्न खोज्दै, हरेक एउटा प्रकृयामा संलग्न हुन्छन् । अपितु, छलफलको लागि टच्युटर असंलग्न र निस्कृय सहजकर्ता भने होइन । श्रृङ्खलाका पर्याप्त पाठचक्रमहरू पूरा गरेपछि र सेवा कार्यहरू सुरुगर्न उनीहरूले प्रोत्साहन पाएपछि, उसले र तिनले अध्ययन गरिएको सामग्रीको उद्देश्य प्राप्त गर्नको लागि समूहका हर सदस्यलाई सहायता गर्न सक्षम हुन्छन् । ती जसले पुस्तक १ को एक टच्युटरको रूपमा कार्य गर्दछ, उसले यस परिचयमा प्रश्तुत विचारहरूलाई समय समयमा पुनरावलोकन गर्न उपयोगी हुन सक्छ ।

विश्वभरिका विविध पृष्ठभूमिहरू भएका सहभागीहरू यो पहिलो संस्थान प्रकृयामा आउँछन् । कोही पहिलेदेखि बहाई समुदायका सदस्यहरू हुन् जसले आफूले अङ्गालेको धर्मको सेवा गर्ने क्षमता वृद्धिगर्ने आशा गरेका हुन्छन् । अरूहरूले बहाई धर्मलाई एउटा धर्मको रूपमा अन्वेषणको सुरुवात गर्न_पाठचक्रमलाई लिएका छन् । अझै, अरू व्यक्तिहरू समुदायका लक्ष्यहरू र प्रयासहरूसँग आफै परिचित हुनको लागि बहाई आदर्शहरू र अभिलाषातिर आकर्षित भएका छन् । र विशेषत बढ्दो संख्यामा युवा मानिसहरू जसले, समुदायमा सेवा गर्ने आफ्नो क्षमता वृद्धि गर्न चाहन्छन्, प्रायः बहाई समुदायद्वारा प्रवर्तन गरिएको कुनै न कुनै कार्यक्रमलाई पाठचक्रमको सुरुको पाइलाको रूपमा लिएका छन् ।

सुरुवातदेखि नै, प्रत्येक सहभागीलाई स्पष्ट हुनुपर्छ कि रुही संस्थानको पाठचक्रमले मानवताको सेवाको मार्गलाई चित्रित गर्दछ, जसमा हामीमध्ये प्रत्येक हाम्रो आफ्नै गतिमा चल्दछौं, सहायता गर्दै वा अरूबाट सहायता प्राप्त गर्दै । यस मार्गमा हिंड्नुको अर्थ हो, दोहोरो नैतिक उद्देश्यको अनुसरणः आफ्नो आध्यात्मिक तथा बौद्धिक विकासमा ध्यान दिनु र समाजको रूपान्तरणमा योगदान गर्नु । यस मार्गमा प्रगति गर्नको लागि यो अपरिहार्य छ कि कैयौं संख्यामा क्षमताहरूको विकास गर्न समझ र ज्ञान, आध्यात्मिक गुण र प्रशंसनीय अभिवृत्तिहरू, साथसाथै योग्यताहरू र सीपहरूको पनि आवश्यकता पर्दछ । ज्ञानका स्रोतहरू जुन संस्थानका पुस्तकहरूमा आधारित छन्, एकातर्फ, बहाई धर्मका शिक्षणहरू र अर्कोतर्फ, भौतिक र आध्यात्मिक सभ्यतालाई बढाउन विश्वव्यापी बहाई समुदायले संचय गरेको अनुभव हो । यो मानिसको लागि बहाउल्लाहको परिकल्पना हो जसले हामी कुन प्रकारको मानिस बन्न सकिन्छ र कस्तो सभ्यता निर्माण गर्न सकिन्छ, यसबारे संस्थाले प्रेरणा प्रदान गर्दछ । यो कल्पना गरिन्छ कि सबै सहभागीहरू स्वतन्त्र पृष्ठभूमिका छन्, यो दूरदृष्टिलाई अङ्गिकार गर्न खुलस्त छन्, जसलाई हरेक पुस्तकको प्रत्येक इकाईमा स्पष्ट गरिएको छ ।

एउटा यस्तो विश्व, जहाँ धर्म र विचारधाराहरूको समर्थनमा, कुनै पनि उपायलाई प्रयोग गर्न तयार छन्, बहाई धर्मसँग अपरिचित कसैले पनि रुही संस्थाका मनसायहरूबारे वास्तविक प्रश्न गर्न सक्दछ, विशेषगरी, "के मलाई मेरो धर्म परिवर्तन गर्न भनिन्छ ? वा "के मलाई धर्ममा प्रवेश गर्न भनिन्छ ?" यस्ता प्रश्नहरूले टच्युटरलाई माथि उल्लेखित गरिए अनुसार पाठचक्रमहरूका श्रृङ्खलाको उद्देश्यबारे व्याख्या गर्ने एउटा मौका मिल्दछ । जबकि यो स्वभाविकै हो कि बहाईहरू उनका मित्रहरू समुदायमा संलग्न भएको हेर्न उत्सुक हुनेछन्, टच्युटरले यो कुरालाई जोड्न सक्छन् कि धर्म परिवर्तन गराउन, तिनीहरूका आफ्नै शिक्षाहरूले उनीहरूलाई निषेध गरेको छ । संस्थान पाठचक्रमहरूद्वारा सुरु गरिएको सेवाको मार्गमा हिंड्नु जसले बहाउल्लाहका शिक्षाहरूलाई सदैव गहिरिएर समझ प्राप्त गर्न आह्वान गर्दछ, यी सामग्रीहरूले स्पष्ट रूपले व्यक्त गर्न प्रयास गर्दछन्ः स्वीकार गर्नु वा आस्था राख्नु यी यस्ता विषयहरू हुन् जसलाई प्रत्येकले स्वतन्त्र र कुनै दबाब बिना चिन्तन गर्नुपर्छ ।

तब, कुनै आश्चर्य हुनु पर्दैन, किनभने यो समझदारीको प्रश्न हो, श्रृङ्खलाका सबै पुस्तकहरू यति महत्वपूर्ण छन् कि यो पहिलो पुस्तक हो जुन यहाँदेखि प्रारम्भ हुन्छ । पवित्र लेखनीहरू पढ्नु भनेको एक जनाले आफ्नो जीवनभरि हजारौं पृष्ठहरू पढे जस्तो होइन, र इकाई, "बहाई लेखनीहरू बुझ्ने" हरेक दिन पवित्र पाठहरूबाट अनुच्छेदहरू पढ्ने बानीको विकास गर्नु र तिनीहरूको अर्थ बारे मनन गर्नको लागि एउटा त्यस्तो आदतको विकास गर्नु जहाँ सहभागीहरू सेवाको मार्गमा प्रवेशगर्दा उनीहरूलाई यसले धेरै नै मद्दत गर्दछ । यो अध्ययनको लागि उनीहरूलाई अगुवाई गर्न, टच्युटरले समझको विषयमा अत्यन्त धेरै ध्यान दिनु पर्दछ ।

बहाई लेखनीहरूमा गहन आध्यात्मिक सत्य समावेश भएको हुन्छ, र जब हामी तिनका अनन्त अर्थलाई हाम्रो बुझाइमा अझ अगाडि बढ्न कोसिस नगरेमा, हामीलाई थाहा छ कि कहिल्यै पनि हामी निश्चित अन्तसम्म पुग्न सक्दैनौं । कुनै उद्धरणलाई पहिलो पटक पढ्दा त्यसको तुरुन्त अर्थको एक प्रारम्भिक सभझ हामीले सामान्यतया पाउन सक्छौं र इकाईको खण्ड १ लाई यसको प्रारम्भिक बिन्दु मानिन्छ । यसरी उद्धरण पढेपछि, "स्वच्छ र असल कर्महरू, प्रशंसनीय र उचित चरित्रद्वारा यो संसारको उन्नति हासिल गर्न सकिन्छ," सहभागीहरूलाई साधारणतया सोधिन्छ, "संसारको उन्नति कसरी हासिल गर्न सकिन्छ ?" सरसर्ति हेर्दा, यस्ता धेरैजसो प्रश्न र अभ्यासहरू धेरै नै साधारण जस्तो देखिन्छन्, तर वर्षौंको अनुभवले यसरी सुरु गरिने संस्थानको निर्णयलाई औचित्य प्रमाणित गरिएको छ । हामी सबैले सम्झनु आवश्यक छ कि हतारमा एउटा अनुच्छेदको सत्यको स्तरलाई पत्ता लगाउन, मनले यसको स्पष्ट मर्मलाई बेवास्ता गर्नुहुँदैन । यो प्रथम स्तरको समझमाथि ध्यान दिनुले समूह परामर्शको लागि महत्वपूर्ण साबित हुन्छ, यसले विचारको एकतालाई सुदृढ बनाउँछ, जब व्यक्तिगत विचारहरूलाई दैवी ज्ञानद्वारा आलोकित हुन अनुमति दिइन्छ, तब यसलाई सजिलैसँग प्राप्त गर्न सकिन्छ ।

यो कुरा थाहा पाउनु आवश्यक हुन्छ कि धेरैजसो अनुच्छेदहरूको सिधा अर्थ बुझ्नलाई सन्दर्भभन्दा बाहिर गएर एकल शब्दहरूमाथि लामो समयसम्म छलफल गर्नु उपयुक्त हुँदैन । यसको साथसाथै, उपयुक्त समयमा, एउटा समूहलाई एउटा शब्दको लागि शब्दकोश हेर्नुपर्ने आवश्यक पनि हुन सक्दछ । के धेरै लाभकारी हुन सक्दछ भने, जसरी भएपनि, सहभागीहरूले पूर्ण वाक्यहरू र अनुच्छेदहरूमा भएका शब्दहरूलाई निष्कर्षमा पुऱ्याउन सिक्नु पर्दछ ।

सिधा अर्थको क्षेत्रभन्दा बाहिर गएर समझलाई विस्तार गर्नको लागि, ती उदाहरणहरू सहायक हुन सक्छन्, जसमा कसरी विचारको ठोस अभिव्यक्ति पाउन सकिन्छ । यो सन्दर्भमा यी सबैलाई स्पष्ट अभ्यासहरू भनिन्छन् । उदाहरणको लागि खण्ड २ मा, सहभागीहरूलाई भर्खरै पढेको उद्धरणलाई निर्धारित गर्न भनिन्छ कि के केही विशेषताहरू प्रशंसनीय छन् । खण्ड ४ मा यस्तै प्रकारको अभ्यासमा उनीहरूलाई ५ वटा गुणहरूको नाम लेख्न प्रोत्साहन गरिन्छ र निर्णय गर्न लगाइन्छ कि के यीमध्ये कुनै एकलाई सत्यताको अभावमा प्राप्त गर्नु सम्भव छ-लेखनीहरूमा वर्णन गरे अनुसार "सबै मानवीय गुणहरूको आधार" भनेर बताइएको छ ।

यो उद्देश्यलाई प्राप्त गर्नको लागि यस इकाईमा प्रश्तुत गरिएका अनुच्छेदहरूमा केही संकेतहरूमाथि विचार गर्नुपर्ने चुनौति दिएर समझलाई अझ अग्रिम विकास गर्न भनिएको छ । खण्ड २ मा उनीहरूले यो तय गर्नु पर्दछ कि के यो भनाई, "संसारमा असल मानिसहरू थोरै भएकाले उनीहरूले गरेका कार्यहरूको प्रभाव हुँदैन" ठिक हो । यहाँ विचार प्राप्त गर्ने मात्र आसय होइन । टचुटर यहाँ केही समय रोकिएर, उत्तरहरूको कारणबारे प्रश्न गर्नुपर्दछ । यहाँ यो कथन निश्चित रूपमा बेठिक हो किनकि यो अघिल्लो खण्डको पहिलो उद्धरणलाई समूहले निकालेको निष्कर्षसँग विपरित छ । यो प्रश्न के बहाईहरूले आफ्नो पाप अर्को व्यक्ति समक्ष स्वीकारोक्ति गर्नुहुन्छ, यो पनि यस्तै प्रकारको अभ्यासको एउटा उदाहरण हो । यी शिक्षाहरूमा पापबाट मुक्ति पाउने उपायको रूपमा स्वीकारोक्तिको मनाहीलाई सन्दर्भित गर्दछ जुन कुनै पनि पढिसकेको उद्धरणमा स्पष्ट गरिएको छैन तर कथन "अन्तिम मूल्याङ्कनको लागि बोलाइनु अघि नै तिमी आफ्ना दैनिक कार्यहरूको मूल्याङ्कन गर्ने गर..." यसको अर्थलाई अन्वेषण गर्दा भने त्यहाँ पाउन सकिन्छ ।

यस इकाईको अभ्यासले कुनै पनि प्रकारले विचाराधिन अनुच्छेदहरूमा निहित विभिन्न अर्थलाई सम्मिलित गर्ने प्रयास गर्दैन । एउटा प्रश्न जसको बारेमा सबै टचुटरहरूले विचार गर्नु पर्दछ कि कुनै पनि दिइएको अभ्यासमा कति धेरै छलफल गर्नु पर्दछ । यहाँ यो ध्यानमा राख्नु महत्वपूर्ण हुन्छ कि धेरै सम्बन्धित तर परिवृत्तिय अवधारणाहरूलाई परिचय दिएर छलफललाई लम्बाउनुले सामग्रीको प्रभावकारिता कम भएर जान्छ । प्रत्येक समूहले प्रगतिको एउटा उचित लय स्थापित गर्नुपर्दछ, सहभागीहरूमा एउटा सुस्पष्ट भाव महसुस हुनु पर्दछ कि उनीहरू आफ्ना सम्भावनाहरू अनुसार निरन्तर रूपमा अगाडि बढिरहेका छन् । तर, टचुटरहरू सतर्क हुनुपर्दछ ताकि खण्डका अभ्यासहरू माथि विचारपूर्ण विश्लेषणबिना छिटो-छिटो र सतही तरिकाले नगरियोस्; जुन समूह यसरी, केवल उत्तरहरू लेखेर अगाडि बढ्दछन्, उनीहरूले कहिल्यै पनि स्थायी परिणाम प्राप्त गर्न सक्दैनन् ।

एक अन्तिम बिन्दु उल्लेख गर्नु योग्य छः यो टचुटरमाथि निर्भर गर्दछ कि उनले सुनिश्चित गर्नु पर्दछ कि समूहको प्रत्येक सहभागीले सामग्रीद्वारा प्रोत्साहित सिकाई प्रकृयामा संलग्न हुनैपर्दछ । कुनै व्यक्तिलाई बोल्नको लागि दवाब नदिइकन सहभागीहरूको सहभागीता प्राप्त गर्न धेरैजसो चुनौतिपूर्ण हुन्छ । सुरुदेखि नै, यो सम्झनु पर्दछ कि यो चुनौतिको सामना जहिले पनि यस्ता प्रश्नहरू सोधेर बिरलै गर्न सकिन्छ जस्तो कि "तपाईंको विचारमा यसको अर्थ के हुन सक्दछ ?" यस्तो प्रश्नले ज्ञान र सत्यको रायको स्तरलाई सीमित गरिदिन्छ । र फेरि यस्तो वातावरणको सिर्जनागर्न कठिन साबित हुन जान्छ कि जसमा समूह सदस्यहरूको बीच यस्तो परामर्श हुन सकोस् जसले बढ्दो समझको विकास हुन सकोस् ।

यस पुस्तकको दोस्रो इकाई पहिलो जस्तै एउटा यस्तो आदतसँग सम्बद्ध छ जो आध्यात्मिक जीवनको लागि अत्यावश्यक छ, नियमित रूपले प्रार्थना गर्नु । सुरुको खण्डमा "सेवाको मार्ग" को अवधारणालाई स्पष्ट गरिन्छ, जसले यो संकेत गर्दछ कि यस मार्गमा हिंड्नको लागि हामी दोहोरो उद्देश्यबाट अनुप्राणित हुनु पर्दछ । सहभागीहरूले उद्धरणहरूको प्रारम्भिक समूहको जाँच गर्दछन् जसले यस उद्देश्यको प्रकृतिबारेमा अन्तर्दृष्टि प्रदान गर्दछ, जो एउटा यस्तो विषय हो जसलाई भविष्यका पाठ्यक्रमहरूमा विस्तार गरिन्छ ।

यस विषयको पृष्ठभूमिमा यस इकाईले प्रार्थनाको महत्वको बारेमा खोजीको सुरुवात गर्दछ । यसले एउटा यस्तो तरिका अपनाउँदछ जो पहिलेका अनुच्छेदहरूमा वर्णन गरिएको तरिका जस्तै छ । प्रश्नहरू र अभ्यासहरूलाई यसरी वर्णन गरिएको छ कि जसले अध्ययन गरिरहेका पवित्र लेखनीहरूबाट लिइएका अनुच्छेदहरूका अर्थको समझदारीलाई झन् अगाडि बढाउँदछ । जब समूह यस इकाईमा अगाडि बढ्दै जान्छ, टचुटरलाई आवश्यक हुन सक्दछ कि विगतका व्याख्याहरू र प्रथाहरूले जरा गाडेका धारणाहरूको विश्लेषण गर्दै संदेहलाई हटाउनु पर्दछ । केही परम्पराहरूमा रीतिरिवाजले विस्तारै विस्तारै आन्तरिक अवस्थाको महत्वलाई परास्त गरेको छ, र धेरैजसोले प्रार्थनाको आवश्यकतालाई उपेक्षा गर्दछन्, जो मानव आत्माको लागि उत्तिनै महत्वपूर्ण छ जति शरीरको पोषणको लागि खाना ।

तब फेरि, विशेष गरेर यो इकाईले सहभागीहरूमा "ईश्वरसँग वार्तालाप" गर्ने र अझ उनको समीप पुग्ने अभिलाषा जगाई दिन्छ । सम्वोधित गरिएका विचारहरू मध्ये केही हुन् प्रार्थनाको स्थितिमा बस्नुको अर्थ के हो, जब त्यस स्थितिमा पुगिन्छ तब हाम्रो मन र मस्तिष्कको हाव-भाव, र ती परिस्थितिहरू जसलाई हाम्रो वरिपरि सिर्जना गर्नु पर्दछ, चाहे हामी एक्लै हौं वा कुनै सभामा । वास्तवमा, सामूहिक उपासनाबाट निर्मित सामर्थ्यको बारेमा केही विचार गरेपछि सहभागीहरूसँग प्रार्थना सभा र भक्तिभावको लागि एक बैठक आयोजना गर्ने बारे विचार गर्न अनुरोध गर्नुपर्छ ।

यस पुस्तकको तेस्रो इकाई "जीवन र मृत्यु" को अध्ययनबाट यो आशा गरिन्छ कि सेवाको मार्गमा हिंड्ने प्रतिवद्धतालाई मजबुत बनाउँछ र त्यसले अझ गहिरो अर्थ प्रदान गर्दछ । यो संसारमा सेवाको लागि जीवनको पूर्ण संदर्भलाई सबैभन्दा राम्रोसँग सम्झन सकिन्छ र जसको विस्तार भौतिक अस्तित्वभन्दा बाहिर जान्छ र सधैंभरि अगाडि बढ्दै जान्छ, जसरी हाम्रो आत्मा ईश्वरका लोकहरूमा प्रगति गर्दै जान्छ । शिक्षाको एक प्रकृयामा, प्राविधिक प्रशिक्षणको विपरित, सहभागीहरूले बढ्दै गरेको तरिकामा उनीहरूले जे गरिरहेका छन् त्यसको अर्थ र अझ महत्वको बारेमा सचेत हुँदै जानुपर्दछ । अनुभवले यो दर्शाउँछ कि यदि यस्तो सचेतना बढ्दै गएको खण्डमा तब पनि, उनीहरूले आफ्नो सिकाईको प्रकृयालाई सकृय, जिम्मेवार र "मालिक" सम्झने छन् ।

यस इकाईको प्रत्येक खण्ड बहाई लेखनीहरूबाट लिइएको एक वा तीन उद्धरणहरूको साथ सुरु हुन्छ, त्यसपछि केही अभ्यासहरू दिइएका छन् । यस इकाईमा उद्धरित अनुच्छेदहरूको भाषा गत दुईवटाभन्दा धेरै दक्षताको माग गर्दछ । अवश्य पनि, समूहको लागि कठिन शब्दहरू बारे धेरै सोंच्नुपर्ने आवश्यकता पर्दैन; टचुटरले यो निश्चित गर्नु पर्दछ कि सबै मानिसले प्रत्येक खण्डमा सम्वोधित मुख्य विचारलाई बुझ्नु पर्दछ, जुन वास्तवमा अभ्यासहरूले स्पष्ट पार्ने प्रयास गर्दछन् ।

दिइएको विषयको प्रकृतिलाई हेरेर, यस्ता अभ्यास केही मात्र छन् र जसमा यथार्थ उदाहरणहरू सामील छन् । अधिकांशले वैचारिक स्तरमा काम गर्दछन् । यो ध्यानमा राख्नु पर्दछ कि अभ्यासहरूमा सोधिएका केही प्रश्नहरू सरसर्ति वा स्पष्ट रूपमा उत्तर दिन सकिंदैन । तिनीहरूलाई विषयको बारेमा जागरुकता बढाउनको लागि गरिएको हो; यदि सहभागीहरूले केवल यस्ता प्रश्नहरूमा विचार गरेमा, सिकाइको उद्देश्य पूरा हुनेछ ।

सुरुका धेरै खण्डहरू आत्मा र शरीर बीचको सम्बन्धबारे केन्द्रित छन्, जुन मिलेर, अस्तित्वको यो जगतामा मानिस बन्दछ । यी खण्डहरूमा प्रश्तुत केन्द्रीय विचार यो हो कि आत्मा एउटा भौतिक निकाय होइन; शरीरसँग यसको सम्बन्धको तुलना प्रकाशसँग गर्न सकिन्छ जुन एउटा ऐनामा प्रकट हुन्छ । न त यसको सतह ढाक्ने धुलोले वा न त यो ऐनाको अन्तिम विनाशले यो प्रकाशको उज्ज्वलतालाई प्राभावित नै गर्न सक्दछ । मृत्यु भनेको केवल परिस्थितिको परिवर्तन हो, जब शरीर र आत्मा बीचको सम्बन्ध विच्छेद हुन्छ, त्यसपछि, आत्माले अनन्तसम्म आफ्नो सृष्टिकर्ता तर्फ प्रगति गर्दछ ।

त्यसपछि यो इकाई जीवनको उद्देश्यको प्रश्नतिर मोडिन्छ-ईश्वरलाई चिन्न र उनको उपस्थिति प्राप्त गर्न । यहाँ छलफल दुईवटा वृहत विषयहरूको बारेमा हुन्छ । पहिलो विषय हो यस संसारमा हाम्रो जीवनको उद्देश्य, र दोस्रो हो मृत्युपछि आत्माको यात्रा । आत्मा ईश्वरको चिन्ह हो, यसले उनका सबै नामहरू र गुणहरू प्रतिबिम्बित गर्न सक्दछ । तर, मानवजाति भित्र यो क्षमता अन्तर्निहित छ; जसलाई केवल ईश्वरीय अवतारको सहायताले मात्र विकास गर्न सकिन्छ, ती पवित्र जीवहरू मानवतालाई मार्गदर्शन गर्न समय समयमा प्रकट हुन्छन् । उनीद्वारा प्रदान गरिएको आध्यात्मिक शिक्षा मार्फत हामी भित्र छिपेका बहुमूल्य वस्तुहरूलाई प्रकट गर्न सकिन्छ ।

जहाँसम्म कि मृत्युपछि आत्माको यात्रबारे प्रश्न छ, सहभागीहरूलाई मनन गर्नको लागि विचारहरूको एक श्रृङ्खला प्रश्तुत गरिएको छः ती जो ईश्वरप्रति निष्ठावान छन्, उनीहरूले वास्तवमा साँचो प्रशन्नता प्राप्त गर्दछन्; कि हामीमध्ये कसैलाई आफ्नो अन्त्य कसरी हुन्छ, जान्न सकिंदैन, र त्यसैकारण हामीले एक अर्कोलाई क्षमा दिनु पर्दछ, र अरूभन्दा श्रेष्ठ सम्झनु हुँदैन; कि अर्को संसारमा, यस संसारमा जस्तै, आत्माले प्रगति गरिरहन्छ, र यहाँ हामीले जति आध्यात्मिक शक्तिको विकास गर्दछौं त्यसले हामीलाई त्यहाँ सहारा दिन्छ र हाम्रो मद्दत गर्दछ, कि हामीले आफ्ना प्रियजनहरूलाई अर्को संसारमा पहिचान गर्नेछौं, यस संसारको आफ्नो जीवनको सम्झना रहनेछ र पवित्र एवं पुण्यात्माहरूको सहचर्यको आनन्द लिने छौं ।

यो इकाईलाई बहाउल्लाहका लेखनीहरूबाट लिइएको एक अनुच्छेदबाट अन्त्य गरिन्छ जसमा हामीले अर्को संसारका लाभहरूको बारेमा आश्वासन दिएका छौं, र प्रेरित गरेका छौं कि हामीले यो जीवनका परिवर्तनहरू र घटनाहरूबाट दुःखि नहोऔं । त्यसपछि, सहभागीहरूले जे पढ्नुभयो त्यसलाई उनीहरूले आफ्नो जीवनमा यसको आशयबारे चिन्तन गर्न आह्वान गरिएको छ ।



# बहाई लेखनीहरूको समझदारी

उद्देश्य

पवित्र लेखनीहरूबाट प्रतिदिन अनुच्छेदहरू पढ्ने क्षमतालाई सुदृढ पार्नु र त्यसका अर्थबारे मनन गर्नु ।

## खण्ड १

यो इकाईको उद्देश्य प्रतिदिन पवित्र लेखनीहरूबाट अंशहरू पढ्ने र तिनीहरूको अर्थबारे चिन्तन गर्ने आदतको विकास र सुदृढ गर्दै जान तपाईंलाई सहायता गर्नु हो । इकाई एक साधारण अभ्यासबाट प्रारम्भ हुन्छ जसले तपाईंलाई लेखनीहरूबाट एउटै वाक्यको वचन पढ्न लगाउँछ, जुन त्यस प्रश्नको उत्तर उद्धरणमै पाइन्छ । यद्यपि अभ्यास सजिलो भएपनि यहाँ दिइएका वचनहरूको अर्थमा चिन्तन गर्न र तिनीहरूलाई कण्ठस्थ गर्नमा तपाईंलाई मद्दत पुग्ने छ ।

**"स्वच्छ र असल कर्महरू, प्रशंसनीय र उचित चरित्रद्वारा यो संसारको उन्नति हासिल गर्न सकिन्छ ।"[1]**

१. संसारको उन्नति कसरी हासिल गर्न सकिन्छ ? ______________________________

______________________________________________________________________

______________________________________________________________________

**"होस् गर, हे बहाका जनताहरू हो, तिमीहरू त्यस्ता व्यक्तिहरूको मार्गमा हिंड्ने छैनौ जसका कर्महरू आफ्ना शब्दहरूभन्दा भिन्न छन् ।"[२]**

२. हामी कसका मार्गहरूमा हिंड्नु हुँदैन ? ______________________________

______________________________________________________________________

______________________________________________________________________

**"हे जीवात्माका पुत्र ! अन्तिम मूल्याङ्कनको लागि बोलाउनु अघि नै तिमी आफ्ना दैनिक कार्यहरूको मूल्याङ्कन गर्ने गर... ।"[३]**

३. अन्तिम मूल्याङ्कनको लागि बोलाइनु अघि हामीले के गर्नुपर्छ ? ________________

______________________________________________________________________

______________________________________________________________________

**"भन, हे बन्दु हो ! कुरा होइन, काम नै तिम्रो आभूषण हो ।"[४]**

४. के कुराले हामी सही रूपबाट आभूषित हुन्छौं ? ______________________________

______________________________________________________________________

______________________________________________________________________

**"पवित्र शब्दहरू तथा स्वच्छ र असल कर्महरू दैवी गौरवको स्वर्गमा पुग्छन् ।"[५]**

५. पवित्र शब्दहरू तथा स्वच्छ र असल कर्महरूले के गर्छन् ? ________________

____________________________________________________________

____________________________________________________________

## खण्ड २

तपाईंले भर्खरै पढेका उद्धरणहरूसँग सम्बन्धित केही अभ्यासहरू तल दिइएका छन् । यसको उद्देश्य तपाईंको समूहलाई यी अनुच्छेदको महत्वबारे थप चिन्तन गर्न मद्दत गर्नु हो र यान्त्रिक तरिकाले गर्नु भने होइन । यसको मतलब यो होइन कि हरेक अभ्यासलाई छलफल गर्न एकदम धेरै समयको आवश्यकता पर्दछ । जब अभ्यास चुनौतिपूर्ण हुन्छ, तथापि, तपाईंको समूहको टच्युटरले तपाईंलाई राम्रोसँग अन्वेषण गर्न मद्दत गर्नेछन् ।

१. जब केही चिज "प्रशंसनीय हुन्छ" यो प्रशंसा गर्न योग्य हुन्छ । निम्नलिखित कुन कुन कार्य प्रशंसनीय छन् ?

____असल कामदार हुनु

____अरूलाई आदर गर्नु

____ध्यान दिएर अध्ययन गर्नु

____झूठो बोल्नु

____अल्छी हुनु

____अरूको सेवा गर्नु

२. "अन्तिम मूल्याङ्कनको लागि बोलाइनु अघि नै" भन्ने वाक्यांशको अर्थ के हो ? ____

____________________________________________________________

३. निम्नलिखित कुन कुन भनाइहरू सत्य छन् ?

____संसारमा असल मानिसहरू थोरै भएकाले उनीहरूले गरेका कार्यहरूको प्रभाव हुँदैन ।

____अरू मानिसहरूको विचारसँग सहमत भएका कुराहरू नै ठिक हुन् ।

____ईश्वरले दिएका शिक्षाहरूसँग मेल खाने कुराहरू ठिक हुन् ।

४. निम्नलिखित कुन कुन स्वच्छ र असल कर्महरू हुन् ?

____केटाकेटीहरूको हेरविचार गर्नु र पढाउनु

____चोरी गर्नु

____अरूहरूको प्रगतिको लागि प्रार्थना गर्नु

____संकटबाट मुक्त हुन अलिकति झूटो बोल्नु

____अरूलाई सहयोग गरी पुरस्कारको आशा गर्नु

५. निम्नलिखित कुन कुन परिस्थितिहरूमा मानिसका कर्महरू उसका वा तिनका शब्दहरूभन्दा भिन्न हुन्छन् ?

____कोहीले दोहोऱ्याइरहन्छ कि हामी सबै एकतामा रहनु पर्दछ तर यस्तो व्यवहार गर्दछ जसले झगडा गराइदिन्छ ।

____कोहीले पवित्र जीवनको महत्वबारे प्रशंसा त गर्दछ तर विवाहभन्दा पर गएर यौन सम्पर्क गर्दछ ।

____कोहीले मादक पदार्थ सेवन गर्न मनाही गर्ने धर्म मानेता पनि कहिलेकाहीं आफैले सेवन गर्दछ ।

____कोही महिला र पुरुष बीचको समर्थक त हो, तर एक रोजगारदाता भएर, एउटै कामको लागि महिलालाई पुरुषभन्दा कम तलव दिन्छ ।

६. के एकजना बहाईले अरूको अगाडि पाप स्वीकारोक्ति गर्नहुन्छ ? ______________

७. पाप मोचनको लागि अरूसँग जानुको सट्टा उसले वा तिनले के गर्नुपर्छ ? _______

८. “दैवी गौरवको स्वर्ग” वाक्यांशले के अर्थ बुझाउँछ ? ____________________

____________________________________________________________

९. विश्वमा नराम्रा कामहरूको प्रभाव कस्तो हुन्छ ? ____________________

____________________________________________________________

१०. नराम्रा कामहरू गर्ने मानिसहरू माथि नराम्रा कामहरूले कस्तो प्रभाव पार्दछ ? ___

____________________________________________________________

## खण्ड ३

अब लेखनीहरूबाट उद्धृत निम्न उद्धरणहरू पढ्नुहोस् र तिनमाथि चिन्तन गर्नुहोस् । त्यसपछि तिनीहरूलाई कण्ठस्थ गर्न कोसिस गर्नुहोस् ।

**“सत्यता नै सबै मानवीय गुणहरूको आधार हो ।”**[६]

१. सबै मानबीय गुणहरूको आधार के हो ? ____________________

____________________________________________________________

**“सत्यताबिना कुनै पनि आत्मालाई ईश्वरका सम्पूर्ण संसारहरूमा उन्नति र सफलता प्राप्त गर्न असम्भव छ ।”**[७]

२. सत्यताबिना के असम्भव छ ? ____________________

____________________________________________________________

____________________________________________________________

**“हे मानिसहरू हो ! आफ्नो जिब्रोलाई सत्यताद्वारा सुसज्जित गर र आफ्नो आत्मालाई इमान्दारिताका गहनाहरूले सुशोभित गराऊ ।”**[८]

३. हाम्रो जिब्रोलाई के ले सुसज्जित गर्नुपर्छ ? ____________________

____________________________________________________________

४. हाम्रा आत्माहरूलाई के ले सुशोभित गर्नुपर्छ ? ____________________________

____________________________________________________________________

**"आफ्नो आँखालाई स्वच्छ, आफ्नो हातलाई इमान्दार, आफ्नो जिब्रोलाई सत्य र आफ्नो हृदयलाई प्रज्ज्वलित बनाऊ।"[९]**

५. हाम्रो आँखा कस्तो हुनुपर्छ ? ________हाम्रो हात ? ________हाम्रो जिब्रो ? ________हाम्रो हृदय ? ________

**"ती व्यक्तिहरू जो ईश्वरको मन्दिर भित्र बसोबास गर्छन् र अनन्तकाल स्थायी गौरवको आसनमा बसेका छन् तिनीहरूले भोकको कारण मर्न लागेको अवस्थामा पनि आफ्नो छिमेकी जतिसुकै नीच र बेकम्मा भए पनि उसको सम्पत्तिलाई हात बढाएर गैरकानूनी तरिकाले लिने छैनन्।"[१०]**

६. यदि हामी भोकले मर्न लागे तापनि हामीले के अस्वीकार गर्नु पर्छ ? ___________

____________________________________________________________________

## खण्ड ४

यदि तपाईंहरूले खण्ड २ मा देख्नु भयो होला, यो इकाईका केही अभ्यासहरूलाई ठोस उत्तरहरू चाहिन्छन्। यस्तो भएमा, यदि उत्तरमा संका उठ्यो भने तपाईंको समूहको ट्युटरले तपाईंहरूलाई सहयोग गर्न सक्छन् र तपाईंका सँगी सहभागीहरू विचारको एकातामा पुग्छन्। अन्य अभ्यासहरूको लागि, विचार विमर्श महत्वपूर्ण हुन्छ र कुनै एक विशिष्ट उत्तरको अपेक्षा गर्नुपर्दैन। निम्नलिखित अभ्यासमा प्रश्न ३ अलि जटिल भएपनि, पहिलो समूहमा र अभ्यास ६ दोस्रोमा पर्दछ।

१. सत्यता नै सबै मानविय गुणहरूको आधार हो। पाँचवटा गुणहरूको नाम लेख्नुहोस्।

____________________________________________________________________

२. सत्यताबिना के हामीले यी गुणहरू हासिल गर्न सक्छौं ? ____________________

३. निम्नलिखित कुन कुन भनाइहरू सत्य छन् ?

____झूटो कुरा बोले तापनि त्यो व्यक्ति न्यायी हुन सक्छ ।

____चोरी गर्ने मानिसको हात विश्वास गर्न लायक हुन सक्छ ।

____एक विश्वासिलो हातले त्यस चिजलाई कहिल्यै पनि छुँदैन जो उसको होइन ।

____अश्लिल पुस्तक तथा पत्रिकाहरू पढ्नु आँखालाई स्वच्छ राख्नु भन्ने बहाउल्लाहको स्वच्छ शिक्षाको विपरित छ ।

____सत्यताको अर्थ झूटो नबोल्नु हो ।

____इमान्दारिता आत्माको गहना हो ।

____सत्य नबोल्ने मानिसले पनि आध्यात्मिक रूपले प्रगति गर्न सक्छ ।

____कहिलेकाहीं झूटो बोल्नु ठिकै हो ।

____भोक लागेको बेला चोरी गर्नु परमेश्वरलाई स्वीकार्य छ ।

____कसैको सामान पछि फर्काउँला भनेर नसोधी लैजाने काम चोरी होइन ।

____जब हामीले इमान्दारीपूर्वक काम गर्छौं, निष्पक्ष र सत्यवादी छौं भने हाम्रो हृदय प्रज्ज्वलित हुन्छ ।

____थोरै बेइमानी नगरीकन सफल व्यापार गर्नु असम्भव छ ।

४. आफैलाई ढाँट्नु के सम्भव छ ? ____________________

५. झूटो बोल्यौं भने हामीले के गुमाउँछौ ? ____________________

६. हामी सबै सत्यवादी र इमान्दार भए यो संसार कस्तो हुने थियो ? ____________

____________________

____________________

____________________

## खण्ड ५

तलका उद्धरणहरू पढ्नुहोस् र तिनीहरूलाई कण्ठस्थ गर्ने कोसिस गर्नुहोस् । लेखनीहरूबाट उद्धरणहरू कण्ठस्थ गर्नाले अत्यधिक लाभदायक हुन्छ, त्यसैले यसको लागि अत्यन्तै ठूलो प्रयास गर्नुपर्छ । वास्तवमा, हर व्यक्तिले सजिलैसँग उद्धरणहरू कण्ठस्थ गर्न सक्दैन । तथापि, प्रयास गर्नाले, हाम्रा हृदयहरू र मनहरूमा विचारहरूलाई कुँद्न र तिनीहरूलाई सकेसम्म मूलग्रन्थको निकटतम शब्दहरूमा व्यक्तगर्न मद्दत मिल्दछ ।

**"दयालु बोली मानिसहरूका हृदयहरूको लोह चुम्बक हो । यो आत्माको खुराक हो, यो शब्दहरूको अर्थरूपी वस्त्र हो, यो ज्ञानको प्रकाश र समझदारीको मुहान हो ।"[११]**

१. दयालु बोलीलाई कसरी बयान गर्न सकिन्छ ? ____________________________

____________________________________________________________

____________________________________________________________

२. दयालु बोलिले शब्दहरूलाई कसरी प्रभाव पार्दछ ?____________________________

____________________________________________________________

____________________________________________________________

**"हे ईश्वरका प्रियपात्रहरू हो ! यस पवित्र प्रकटीकरणमा संघर्ष र विवादलाई कुनै हालतमा पनि स्वीकार गरिँदैन । प्रत्येक विरोधीले ईश्वरको कृपाबाट वञ्चित हुनुपर्नेछ ।"[१२]**

३. माथिको उद्धरण अनुसार यस पवित्र प्रकटीकरणमा के कुरा स्वीकार्य छैन ? ?______

____________________________________________________________

४. विरोधीले आफूलाई के गर्दछ ?______________________________________

____________________________________________________________

**"यस युगमा ईश्वरका प्रियपात्रहरूबीच झै-झगडा, संघर्ष, वादविवाद, वैमनश्यता र उदासीनता भयो भने त्यसले जस्तो अरू केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन ।"[१३]**

५. कुन कुराहरूले यस धर्मलाई आघात पुऱ्याउँछन् ? ________________________

____________________________________________________________

**“शब्दहरूद्वारा मात्र मित्रता देखाएर सन्तुष्ट नहोऊ, तिम्रो मार्गमा आउने सबैप्रति प्रेमपूर्ण दयाले तिम्रो हृदयलाई जलाऊ ।”**[१४]

६. कस्तो प्रकारको मित्रताबाट हामी सन्तुष्ट हुनुहुँदैन ? ________________________

________________________________________________________________

७. हाम्रो हृदयलाई के ले राम्रोसँग जलाउनु पर्दछ ? ________________________

________________________________________________________________

**“जब युद्धको विचार आउँछ तब शान्तिको अझ बलियो विचारले त्यसलाई दबाऊ । घृणाको विचारलाई प्रेमको अतिशक्तिशाली विचारले नष्ट पार्नुपर्छ ।”**[१५]

८. युद्धको विचारको विरोध के ले गर्नुपर्दछ ? ________________________________

________________________________________________________________

९. घृणाको विचारलाई के ले नष्ट पार्नुपर्छ ? ________________________________

________________________________________________________________

## खण्ड ६

माथिका उद्धरणहरूलाई मनमा राखेर निम्नलिखित अभ्यासहरू गर्नुहोस्:

१. “लोह चुम्बकको” अर्को शब्द चुम्बक हो । कुन किसिमले दयालु बोलिले चुम्बकको जस्तो काम गर्न सक्छ ? ____________________________________________

२. एक दयालु बोलिले तलका कुन कुन कुराहरूलाई अगाडि बढाउँछ होला निर्णय गर्नुहोस्:

____“मलाई दुःख नदिनुस् !”

____“यो तपाईंले किन बुझ्नुहुन्न ?”

____“कृपया एकछिन पर्खनुहुन्थ्यो कि ?”

____“कस्ता बदमास केटाकेटीहरू !”

____“सहयोगको लागि धन्यवाद ।”

____“अहिले मसँग तपाईंको लागि कुनै समय छैन । म व्यस्त छु ।”

३. निम्नलिखित कुन कुन परिस्थितिहरूले संघर्ष र विवाद भएको जनाउँछन् ?

____ परामर्श हुँदा दुई व्यक्तिहरूले कुनै शीर्षकमा भिन्न विचार व्यक्त गर्दछन् ।

____ परामर्श हुँदा दुई व्यक्तिहरू उदास भएर एकअर्कोसँग विवाद गर्दछन् ।

____ दुई व्यक्तिहरू साप्ताहिक प्रार्थना सभामा जाँदैनन् किनकि उनीहरूको आपसमा बोलचाल छैन ।

____ एउटा परियोजनामा काम गर्ने टोलीका सदस्यहरूले सधैंभरि सिकायत गर्दछन् कि अरू कसैले आफ्नो कर्तव्य निर्वाह गर्दैनन् ।

४. निम्नलिखित कुन कुन परिस्थितिहरूले वैमनश्यता दर्शाउँछन् ?

____ दुई मित्रहरू बाटोमा भेटिए पनि एक अर्कोलाई बेवास्ता गर्छन् ।

____ कुनै प्रार्थना सभामा आउँदा हरेकले तिनलाई न्यानो अभिवादन व्यक्त गर्दछन् ।

____ यद्यपि उनीहरू एक अर्कोमा नम्र भएता पनि, एक समूहका दुईजना सदस्यहरू एउटा परियोजनामा सँगसँगै सहभागी हुने इच्छा गर्दैनन् ।

५. निम्नलिखित कुन कुन भनाइहरू सत्य छन् निर्णय गर्नुहोस् ?

____ अरूले चित्त दुखाए पनि आफूले उनीहरूको बारेमा जे सोचेको छ त्यो भन्नुपर्छ ।

____ झगडा नहोस् भनेर झूटो कुरा बोल्नु ठिक हो ।

____ प्रेम र दयाले विवादमाथि विजय पाउन सकिन्छ ।

____ प्रेमपूर्ण तरिकाले व्यक्त गरिएका शब्दहरूको प्रभाव धेरै हुन्छ ।

____ अरूले सुरु गऱ्योभने ऊसँग झगडा गर्नु ठिक हो ।

____ आफू विरामी वा दुःखि भएमा अरूसँग ठूलो स्वरमा बोल्नु ठिक हो ।

____ अरूले गल्ती गरेको बेला हाँस्नु ठिक होइन ।

____ साथीहरू बीच मनमुटाब भएमा दुवै एकअर्काको नजिक आउन विशेष प्रयास गर्नुपर्छ ।

____ साथीहरू बीच मनमुटाब भएमा अर्को नजिक आउने कोसिस नगरेसम्म आफूले कुरिरहनु पर्दछ ।

## खण्ड ७

तलका उद्धरणहरू पढ्नुहोस् र तिनीहरूलाई कण्ठस्थ गर्नुहोस् ।

**"...अर्काको कुरा काट्नाले हृदयको ज्योतिलाई निभाइदिन्छ र आत्माको जीवनलाई मेटाइदिन्छ ।"[१६]**

**"जबसम्म तिमी आफै पापी छौ अर्काका पापहरूको चर्चा नगर ।"[१७]**

**"अपशब्द नबोल ताकि तिमीप्रति अर्काले अपशब्द बोलेको तिमीलाई सुन्न नपरोस् । अर्काको दोषको बढाई चढाई कुरा नगर जसबाट तिम्रा आफ्नै दोषहरू ठूलो देखिन नपाऊन्... ।"[१८]**

**"हे जीवका पुत्र ! आफ्ना दोषहरू बिर्सेर अर्काका दोषहरूमा कसरी व्यस्त रहन सक्छौ ?"[१९]**

१. अर्काको कुरा काट्नाले कुरा काट्ने व्यक्तिलाई कस्तो असर पर्छ ? ________

____________________________________________

२. अरूका पापहरूको बारेमा विचार गर्नु अघि हामीले के कुरा सोच्नुपर्छ ? _

____________________________________________

३. यदि हामीले अरूका दोषहरूलाई बढाई चढाई कुरा गऱ्यौं भने हामीलाई के हुन्छ ? ____________________________________

____________________________________________

४. अरूका दोषहरूबारे विचार गर्दा हामीले के सम्झनुपर्छ ? ______________

____________________________________________

## खण्ड ८

माथिका उद्धरणहरूलाई मनमा राखेर निम्नलिखित अभ्यासहरू गर्नुहोस्:

१. अरूका दोषहरूबारे मात्र केन्द्रितहुने मानिसहरूको आत्माको प्रगतिमा कस्तो असर पर्दछ ? ____________________

____________________

२. अरूको कुरा काट्ने कामले समुदायमा कस्तो असर पर्छ ? ____________

____________________

३. कुनै साथीले अरू कसैका दोषहरूबारे कुरा गर्न थाल्यो भने तपाईं के गर्नुहुन्छ ?

____________________

४. निम्नलिखित कुन कुन भनाइहरू सत्य छन् निर्णय गर्नुहोस् ?

____ हामीले कसैको वास्तविक दोषहरूको बारेमा कुरा गर्‍यौं भने त्यो कुरा काटेको ठहरिदैन ।

____ यदि कसैका प्रशंसनीय गुणहरू र दोषहरूबारे एकैसाथ कुरा गर्‍यौं भने, त्यो कुरा काटेको होइन ।

____ अर्काको कुरा काट्ने काम हाम्रो समाजमा एउटा चलनजस्तै भइसकेको छ र यसलाई त्याग्न हामीले अनुशासनको विकास गर्नुपर्छ ।

____ यदि सुन्ने व्यक्तिले हामीले भनेको कुरा फेरि दोहोर्‍याउन्न भन्छ भने अर्काको बारेमा कुरा काटेमा केही हानी हुँदैन ।

____ कुरा काट्ने काम एकताको सबैभन्दा ठूलो शत्रु हो ।

____ यदि हामीले सधैं कुरा गर्ने बानी बसाल्यौं भने कुरा काट्ने बानी सजिलैसँग पर्न सक्छ ।

____ कुनै कामको लागि एउटा स्थानीय आध्यात्मिक सभामा विभिन्न व्यक्तिका क्षमताहरू बारे समुदायका सदस्यहरूको नाम लिएर छलफल गर्‍यौं भने त्यो कुरा काटेको ठहरिन्छ ।

____ जब हामीमा अर्काको कुरा काट्ने इच्छा प्रवल हुन्छ त्यतिखेर हामीले आफ्ना दोषहरूबारे विचार गर्नुपर्छ ।

____ यदि कुनै व्यक्तिले बहाई धर्मलाई हानी हुने काम गरेको हामीले थाहा पायौं भने हामीले समुदायका सदस्यहरूसँग छलफल गर्नुपर्छ ।

____ यदि कुनै व्यक्तिले बहाई धर्मलाई हानी हुने काम गरेको हामीले थाहा पायौं भने त्यसको खबर स्थानीय आध्यात्मिक सभालाई मात्र दिनुपर्छ ।

____ विवाहित दम्पत्तिले अरूहरूका दोषबारे चर्चा गर्नु गलत होइन किनकि उनीहरू बीच कुनै कुरा गोप्य हुँदैन ।

## खण्ड ९

जस्तो कि हामीले सुरुमा भनेका थियौं कि यस इकाईको उद्देश्य सहभागीहरूलाई पवित्र लेखनीहरूमा भएका उद्धरणहरूलाई दिन दिनै पढ्ने र त्यसको अर्थ मनन गर्ने आदतको विकास तथा सुदृढ गर्दै लैजाने बारेमा थियो । ईश्वरका श्लोकहरूलाई प्रत्येक बिहान र बेलुका पढ्नु हाम्रो आध्यात्मिक विकासको लागि उपयुक्त बहाउल्लाहको एक शिक्षा हो । तल दिइएको उद्धरणले ती अनुकम्पाहरूलाई सम्झना गराउँछ जुन हामीले यस दायित्वलाई पूरागरे पछि प्राप्त हुन्छ र यसलाई कण्ठस्थ गर्न तपाईंहरूलाई प्रोत्साहित गरिन्छ ।

**“मेरा शब्दहरूको महासागरमा आफैलाई डुबाऊ, त्यसो भए यसका रहस्यहरूलाई तिमीले प्रकट गर्ने छौ, र यसका गहिराइहरूमा लुकेर रहेका सबै बुद्धिका मोतिहरूलाई पत्ता लगाउने छौ ।”**[२०]

यस इकाईलाई सम्पन्न गरेपछि तपाईंलाई बहाउल्लाहका लेखनीहरू भएको पुस्तक प्राप्त गर्न र तिनलाई प्रतिदिन पढ्न तपाईंले इच्छा राख्नुहुन्छ होला । गूढ वचन यसको एउटा राम्रो पहिलो छनौटमा पर्दछ ।

# REFERENCES


1. Bahá'u'lláh, cited by Shoghi Effendi, *The Advent of Divine Justice* (Wilmette: Bahá'í Publishing Trust, 2006, 2018 printing), par. 39, pp. 36–37.

2. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), CXXXIX, par. 8, p. 345.

3. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 31, p. 11.

4. Ibid., Persian no. 5, p. 24.

5. Ibid., Persian no. 69, p. 46.

6. 'Abdu'l-Bahá, cited by Shoghi Effendi, *The Advent of Divine Justice*, par. 40, p. 39.

7. Ibid.

8. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXVI, par. 6, p. 336.

9. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas* (Wilmette: Bahá'í Publishing Trust, 1988, 2005 printing), no. 9.5, p. 138.

10. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXVII, par. 3, p. 338.

11. Ibid., CXXXII, par. 5, p. 327.

12. *Will and Testament of 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing Trust, 1944, 2013 printing), p. 26.

13. *Gleanings from the Writings of Bahá'u'lláh*, V, par. 5, p. 8.

14. From a talk given on 16 and 17 October 1911, published in *Paris Talks: Addresses Given by 'Abdu'l-Bahá in 1911* (Wilmette: Bahá'í Publishing, 2006, 2016 printing), no. 1.7, p. 6.

15. From a talk given by 'Abdu'l-Bahá on 21 October 1911, ibid., no. 6.7, p. 22.

16. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXV, par. 3, p. 300.

17. *The Hidden Words*, Arabic no. 27, p. 10.

18. Ibid., Persian no. 44, p. 37.

19. Ibid., Arabic no. 26, p. 10.

20. *Gleanings from the Writings of Bahá'u'lláh*, LXX, par. 2, p. 154.



# प्रार्थना

उद्देश्य

प्रार्थनाको महत्व बारे मनन गर्ने तथा नियमित प्रार्थना गर्ने आदतलाई सबल बनाउने

# खण्ड १

रुही प्रतिष्ठानका पाठ्यक्रमहरूको उद्देश्य सहभागिहरूलाई सेवाको मार्गमा हिंड्न मद्दत गर्नु हो । यही दोहोरो उद्देश्यबाट प्रेरित भएर आध्यात्मिक र बौद्धिक रूपले हुर्कन र समाजको रूपान्तरणमा योगदान पुऱ्याउन हामी यस मार्गमा हिंड्छौं । हाम्रा उद्देश्यका यी दुई पक्षहरू एक अर्काबाट छुटयाउन नमिल्ने छन् । बहाउल्लाहले हामीलाई एउटा खण्डमा सुझाव दिनु भएको छः

**"तिमीले स्वयंलाई आफ्नै कारोबारहरूमा व्यस्त नराख; तिम्रा विचारहरूलाई त्यसमा निश्चित गर जसले मानवजातिका सौभाग्यहरूलाई पुनःस्थापित गर्नेछन् र मानिसहरूका हृदय र आत्माहरूलाई पवित्र बनाउने छन् ।"**[१]

अर्को खण्डमा, उहाँले स्पष्ट पार्नुहुन्छ :

**"...जुन उद्देश्यको लागि नश्वर मानिसहरूले पूर्ण शून्यताबाट, यस अस्तित्वको जगतमा पाइला राखे, त्यो यो हो कि उनीहरूले यो संसारको उन्नति हासिल गर्नलाई काम गर्न सकून् र सँगसँगै सहमति र सामंजस्यतामा रहन सकून् ।"**[२]

हाम्रो अन्तर अवस्थाको सम्बन्धमा, उहाँले घोषणा गर्नुहुन्छः

**"एक पवित्र हृदय एउटा ऐना जस्तै हो; प्रेमको आगोले यसलाई सफा गर, र ईश्वर बाहेक सबैबाट बिच्छेदन गर, जसले गर्दा त्यहाँ सत्यको सूर्य चम्किने छ र अनन्त बिहानी उदाउने छ ।"**[३]

र अब्दुल-बहा हामीलाई भन्नुहुन्छः

**"तिम्रा हृदयहरू पवित्र र तिम्रा मनसायहरू इमान्दार हुनु पर्छ जसले गर्दा तिमी दैवी कृपाहरूका प्राप्तकर्ता हुन सक्नेछौं ।"**[४]

१. हाम्रा विचार र कारोबारहरू के मा केन्द्रित हुनु पर्छ ? ______________________________

______________________________________________________________

______________________________________________________________

२. हामीले कुन उद्देश्यको लागि पूर्ण शून्यताको अस्तित्वको जगतमा पाइला राखेका छौं ?

______________________________________________________________

______________________________________________________________

३. हाम्रो हृदयको ऐनालाई हामी के ले सफा गर्नु पर्छ ?________________________________

____________________________________________________________

४. दैवी कृपाहरूलाई आकर्षित गर्ने अवस्थाका केही नामहरू के के हुन् ?___________________

____________________________________________________________

५. तल दिइएका मध्ये कुन कुन सही छन् ?

- पहिले आफ्नो हेरविचार गर्नुपर्छ, त्यसपछि अरूको हेरविचार गर्नुपर्छ ।
- यदि तपाईंले सधैं अरूहरूको मद्दत गर्नुहुन्छ भने अन्त्यमा तपाईंले आफ्ना लक्ष्यहरू गुमाउनु हुनेछ ।
- तपाई स्वयंको घनिष्ठ मित्र हो ।
- तपाईंलाई के ले खुशी बनाउँछ त्यो पत्ता लगाउनु सबैभन्दा महत्वपूर्ण कुरा हो ।
- आफ्ना सपनाहरू अनुसरण गर्नुहोस् र तिनीहरूले तपाईंलाई खुशीतिर डोऱ्याउने छ ।
- तपाईंले कसैलाई चोट पुऱ्याउने काम गर्नुभएको छैन भने तपाईंले जे गरे पनि केही फरक पर्दैन ।
- तपाईंको मनसाय स्वार्थी हुनु ठिक छ जबसम्म तपाईं केही काम राम्रो गर्नु हुन्छ ।

## खण्ड-२

हाम्रो दोहोरो उद्दश्यको केन्द्रिय धारणा, त्यो हो कि हामी सबै महान रूपमा सृष्टि गरिएका छौं । बहाउल्लाह भन्नुहुन्छ :

**“हे आत्माका पुत्र ! मैले तिमीलाई सम्पन्न रूपमा सृष्टि गरेको छु, तिमी आफै आफूलाई दारिद्रयमा किन खसाल्छौ ? तिमीलाई मैले उच्च बनाएको छु, तिमी किन आफूलाई पतित गराउँछौ ? ज्ञानको सार झिकेर तिमीलाई मैले आत्मा दिएँ, फेरि म बाहेक अरूबाट किन ज्ञान खोज्छौ ? मैले प्रेमको माटोले तिमीलाई निर्माण गरें, फेरि तिमी किन अरूसित व्यस्त छौ ? आफ्ना आँखाले आफैभित्र हेर त तिमी मलाई तिमी भित्रै महान्, शक्तिशाली र आफैमा पूर्ण भएर उभिरहेको पाउनेछौ ।”**[५]

तल दिइएको खाली ठाउँ भर्नाले तपाईंहरूलाई यस अनुच्छेदको समीक्षा गर्न मद्दत मिल्नेछ ।

हे आत्माका पुत्र ! मैले तिमीलाई सम्पन्न रूपमा ____________________, तिमी आफै आफूलाई ______________________ ? ________ मैले ________ बनाएको छु, तिमी किन आफूलाई ______ गराउँछौ ? ज्ञानको सार झिकेर ________________ आत्मा दिएँ, फेरि ______________ अरूबाट किन ज्ञान खोज्छौ ? ________ प्रेमको माटोले तिमीलाई ____________, फेरि तिमी किन ______________ छौ ? आफ्ना आँखाले ______________ त तिमी मलाई तिमी भित्रै ________, ____________ र ______________ भएर उभिरहेको पाउनेछौ । ”

हाम्रो आत्माको महानताबारे सहमत हुन, हामी हाम्रा रचयिता तर्फ फर्किनु पर्छ र उहाँबाट ज्ञानको चाहना गर्नुपर्छ । यसका लागि एउटा सबैभन्दा सशक्त माध्यम प्रार्थना हो । धर्म संरक्षक शोघी एफेन्दी भन्नु हुन्छ कि यसको मुख्य लक्ष्य “आध्यात्मिक गुण एवं शक्तिहरू प्राप्त गरेर व्यक्ति र समाजको विकास हुनु पर्दछ ।” मानिसको आत्मालाई सबभन्दा पहिले खुराक दिनु पर्छ । र त्यसपछि आध्यात्मिक पोषण प्रार्थना उपलब्ध गराउनु पर्छ ।

## खण्ड-३

ईश्वर सर्व ज्ञानी, सर्व बुद्धिमान छन् । उनले हामीलाई सृष्टि गरे र हाम्रो हृदयमा के छ हाम्रो लागि के सर्वोत्तम हो उनी जान्दछन् । उनलाई हाम्रो प्रार्थना चाहिदैन । तब हामीले प्रार्थना किन गर्छौं ?

**अब्दुल-बहा भन्नुहुन्छ :**

**"प्रार्थनाको सर्वोच्च स्थितिमा, मानिसहरूले ईश्वरप्रेमको कारण प्रार्थना गर्दछन्, न कि उनी स्वयम् अथवा नरकको डरले वा उपहार अथवा स्वर्ग प्राप्तिको लागि...। जब मानिस कुनै मानवसँग प्रेम गर्दछ तब आफ्नो प्रियतमको नाम उच्चारण नगरी रहन सक्दैन । कसैले इश्वरलाई प्रेम गर्न थालेपछि उनको नाम उच्चारण नगरी रहन अझ कति गाह्रो होला...। आध्यात्मिक व्यक्तिले ईश्वरको स्मरणमा बाहेक अरू केहीमा पनि आनन्द पाउँदैन ।"[७]**

**"यदि एउटा मित्र अर्कालाई प्रेम गर्दछ भने उसले यो कुरा बताउन खोज्नु स्वभाविकै होइन त ? उसको प्रेमबारे मित्रलाई थाहा छ भन्ने जान्दा जान्दै पनि यसबारे उसलाई बताउन ऊ चाहँदैन र ?...सत्य हो कि ईश्वरले सबैका मनका चाहनाहरू जान्दछन्; तैपनि प्रार्थना गर्ने उद्वेग नैसर्गिक हुन्छ, जुन ईश्वरप्रति मानिसको प्रेमबाट उत्पन्न हुन्छ ।"[८]**

१. तलका वाक्यहरू पूरा गर्नुहोस्:

क. हामीले ले ________________ कारण प्रार्थना गर्दछन्, __________ उनी _______ अथवा __________ डरले वा ________ अथवा ____________लागि...।

ख. जब मानिस कुनै ________________ गर्दछ तब आफ्नो ____________ नाम उच्चारण ______________ सक्दैन । कसैले ___________________ गर्न थालेपछि उनको नाम _______________ रहन अझ ______________ होला...।

ग. आध्यात्मिक व्यक्तिले _________________ बाहेक अरू ________ पनि __________पाउँदैन ।

२. हामीले प्रार्थना किन गर्नुपर्छ ? ______________________________________________

_______________________________________________________________________________

३. "ईश्वरको स्मरणमा" भन्ने वाक्यांशको अर्थ के हो ? ______________________________

_______________________________________________________________________________

४.जब एउटा व्यक्तिले कसैलाई प्रेम गर्छ भने उसको सबभन्दा उत्कट चाहना के हुन्छ ?______

________________________________________

५. प्रार्थना गर्ने उद्वेग नैसर्गिक हुन्छ भनेको के हो ?____________________

________________________________________

## खण्ड-४

बहाउल्लाहले प्रकट गर्नु भएको प्रार्थनामा हामी पढ्दछौं :

**"म याचना गर्दछु मेरो प्रार्थनालाई एक आगो बनाइदेऊ जसले ती पर्दाहरूलाई जलाइदिने छ जसले मलाई तिम्रो सौन्दर्यबाट छेकिदिएको छ र त्यसलाई एक बत्ती बनाइदेऊ जसले तिम्रो सामीप्यको सागरतर्फ डोऱ्याउनेछ ।"**[९]

त्यहि प्रार्थनामा हामी ईश्वरसँग याचना गर्दछौं :

**"हे मेरा प्रभु, मेरो प्रार्थनालाई जीवित जलको फोहोरा बनाइदेऊ, जसद्वारा म तिम्रो साम्राज्य रहेसम्म बाँचिरहन सकूँ र तिम्रा संसारहरूको प्रत्येक संसारमा तिम्रो नाम उच्चारण गर्न सकूँ ।"**[१०]

१. कुन अर्थमा प्रार्थना भनेको आगो जस्तै हो ? ____________________

________________________________________

२. ईश्वरदेखि हामीलाई छेकेर राख्ने केही पर्दाहरू उल्लेख गर्नुहोस् : ______________

________________________________________

३. के प्रार्थना बत्ती जस्तो हुन सक्छ ? यसले हामीलाई कता डोऱ्याउँछ ? __________

________________________________________

४. के प्रार्थना जीवित जलको फोहोरा जस्तो हुन सक्छ ? यसले हाम्रो आत्मामा के प्रदान गर्छ ?

________________________________________

________________________________________

## खण्ड-५

अब्दुल-बहाका शब्दहरूको अध्ययन र चिन्तन गर्नुहोस् :

**"सृष्टि संसारमा प्रार्थनाजस्तो मीठो अरू केही छैन। मानिस प्रार्थनाको स्थितिमा बस्नुपर्छ। प्रार्थना र याचनाको अवस्था सबैभन्दा आशिष प्राप्त अवस्था हो। प्रार्थना भनेको ईश्वरसँगको वार्तालाप हो। यसले आध्यात्मिकताको सिर्जना गर्छ, विचारशीलता र दिव्य भावनाहरूको सिर्जना गर्छ, दैवी अधिराज्यबाट नयाँ आकर्षणहरू प्राप्त गर्छ र उच्च बौद्धिक शक्तिको ग्रहणशीलताको विकास गर्छ।"[११]**

१. सृष्टि संसारमा सबभन्दा मीठो अवस्था के हो ? ______________________

______________________________________________

२. "प्रार्थनाको स्थिति" भन्ने वाक्यांशको अर्थ के हो ? ______________________

______________________________________________

३. प्रार्थनाले सृजना गरेका केही विशेषताहरू उल्लेख गर्नुहोस्: ______________________

______________________________________________

४. यी केही खण्डहरूमा तपाईंहरूले अध्ययन गर्नु भएका उद्धरणहरूको समीक्षा गर्नुहोस् र प्रार्थनाहरूको प्रकृतिबारे पाँचवटा वाक्यांश लेख्नुहोस्।

- प्रार्थना

  ______________________________________________ हो।

- प्रार्थना

  ______________________________________________ हो।

- प्रार्थना

  ______________________________________________ हो।

- प्रार्थना

  ______________________________________________ हो।

- प्रार्थना

  ______________________________________________ हो।

## खण्ड ६

तल लेखिएका बहाउल्लाहका शब्दहरू पढ्नुहोस् र तिनीहरूमा चिन्तन गर्नुहोस्:

**"हे मेरा सेवक, आफूले प्राप्त गरेका ईश्वरका ती श्लोकहरू मधुर रागसित पाठ गर जसरी उनको सान्निध्य प्राप्त गर्नेहरूले तिनको मधुर आलाप गर्दछन् ताकि तिम्रो मधुर लयको मीठासले तिम्रो आफ्नै आत्मालाई प्रदीप्त गराओस् र सारा मानिसका हृदयहरूलाई आकर्षित गराओस् । ईश्वरले प्रकट गरेका श्लोकहरूको जसले आफ्नो कोठाको एकान्तमा पाठ गर्दछ उसको मुखबाट उच्चारण गरेका शब्दहरूको सुवासलाई सर्व-शक्तिमान् प्रभुका दूतहरूले टाढा टाढासम्म फैलाउनेछन्, र प्रत्येक न्यायपरायण मानिसको हृदयलाई स्पन्दित गराउनेछन् । हुनसक्छ, सुरुमा यसको प्रभावबाट ऊ अनभिज्ञ रहला तर ऊमाथि खन्याइएको कृपाको शक्तिले अन्त्यमा ढिलो वा चाँडो उसको आत्मालाई प्रभावित गर्ने नै छ । शक्ति र बुद्धिका स्रोत जो हुनुहुन्छ, उहाँकै इच्छाअनुसार यसरी नै दैवी प्रकटीकरणका रहस्यहरूलाई निर्दिष्ट गरिएका छन् ।"**[१२]

१. "मधुर रागसित पाठ गर्नु" भनेको के हो ? ____________________

____________________

२. ईश्वरका श्लोकहरूको पाठ हामीले कसरी गर्नुपर्छ ? ____________________

____________________

____________________

३. "पाठ गर्नु" को अर्थ के हो ? ____________________

____________________

४. "फैलाउनुको" को अर्थ के हो ? ____________________

____________________

५. हाम्रा मधुर लयको मीठासबाट हाम्रा आत्माहरूमा के प्रभाव पार्दछ ? ____________________

____________________

६. हाम्रा मधुर लयको मीठासबाट सारा मानिसहरूका हृदयहरूमा के प्रभाव पार्दछ ?______

____________________

## खण्ड ७

तपाईंले तल दिइएका बहाउल्लाहद्वारा प्रकटित एउटा प्रार्थनाबाट लिइएका दुईवटा उद्धरणहरू कण्ठस्थ गर्ने इच्छा गर्नुहुन्छ होला ।

**"हे ईश्वर, मेरा ईश्वर ! मेरा आशा तथा कर्महरूलाई नहेर, हैन बरू तिम्रा आज्ञाहरूलाई हेर जसले समस्त स्वर्ग तथा पृथ्वीलाई धारण गरेको छ । तिम्रो अति महान नामको शपथ, हे तिमी सबै राष्ट्रका प्रभु ! तिमीले जे चाहेका थियौ मैले त्यही चाहेको छु र तिमी जे मन पराउँछौं म त्यहीं मन पराउँछु ।"[१३]**

**"तिम्रो नजिकका व्यक्तिहरूको स्तुति तिम्रो सामीप्यको स्वर्गमा पुग्नका लागि वा तिमीप्रति जो समर्पित छन् उनीहरूको हृदयका पंक्षीहरूलाई तिम्रो द्वारको संघार प्राप्त गर्न तिमी ज्यादै उच्च छौ । म साक्षी दिन्छु कि तिमी सबै गुणहरूभन्दा चोखो तथा सबै नामहरूभन्दा पवित्र गराइएका छौ । अति उत्कृष्ट, सर्व-गौरवमय ईश्वर तिमीबाहेक अरू कोही छैन ।"[१४]**

## खण्ड ८

अब्दुल-बहा भन्नुहुन्छः

**"सेवकको लागि यो उपयुक्त छ कि ईश्वरबाट सहारा लिन प्रार्थना गर, र उनको मद्दतको लागि अनुनय र विनय गर । यसो गर्नु सेवाको उच्च स्थान हो र उनको उत्कृष्ट ज्ञान अनुसार स्वामीले जे चाहन्छन् उनले त्यहीं तय गर्दछन् ।"[१५]**

र उहाँले वर्णन गर्नुहुन्छः

**"आत्माको प्रभाव हुन्छ, प्रार्थनाको आध्यात्मिक प्रभाव हुन्छ । त्यसैकारण, हामी प्रार्थना गर्दै भन्छौं 'हे ईश्वर ! यो बिरामीलाई स्वस्थ पारिदेऊ !' सायद ईश्वरले इच्छा पूरा गरिदिनुहुन्छ होला । कसले प्रार्थना गर्दैछ भन्ने कुरा त्यति जरुरी होला र ? यदि गरिएको प्रार्थना अत्यन्त जरुरी छ भने ईश्वरले प्रत्येक सेवकको प्रार्थनाको जवाफ दिनुहुन्छ । उनको करुणा विशाल छ, असीमित छ । उनले सबै सेवकको प्रार्थना पूरा गरिदिन्छन् । उनले यस बिरुवाको प्रार्थना पनि पूरा गरिदिन्छन् । बिरुवामा यसरी प्रार्थना गर्ने सामर्थ्य छ, 'हे ईश्वर ! मलाई पानी पठाइदेऊ !' ईश्वरले यो प्रार्थना पूरा गरिदिनुहुन्छ र विरुवा बढ्दै जान्छ । ईश्वरले सबैलाई उत्तर दिनुहुन्छ ।"[१६]**

यो स्वभाविकै हो कि हामीले ईश्वरलाई हाम्रा प्रार्थनाहरूद्वारा हाम्रा आवश्यकताहरू पूरा गरिदिन आग्रह गर्दछौं । यसप्रकार हामीले हाम्रो स्वास्थ्य, हाम्रा प्रियजनहरूको स्वास्थ्यको लागि प्रार्थना गर्दछौं, हामीले हाम्रा परिवारहरूको आध्यात्मिक र भौतिक प्रगतिको लागि प्रार्थना गर्दछौं, र हामीले मार्गदर्शनको लागि प्रार्थना गर्दछौं । हामीले सामर्थ्य, निष्ठा र सेवाको मार्गमा सम्पुष्टिको लगि याचना गर्दछौं । ईश्वरसँग

प्रार्थना गर्दा, निश्चय पनि, हामीले सम्झनु पर्दछ कि हाम्रो जीवनको लक्ष्य आफ्नै इच्छालाई ईश्वरको इच्छासँग मिलाउनु पर्दछ । अतः हामीले उनको इच्छापूर्तिको लागि प्रार्थना गर्नुपर्छ र यसमा समर्पणको लागि तयार रहनु पर्दछ । यदि तपाईंले अब्दुल-बहाका निम्न शब्दहरू कण्ठस्थ गर्ने प्रतिवद्ध भएमा यसले सधैंभरि तपाईंलाई आनन्द मिल्ने छ र सधैंभरि आश्वासनको स्रोत हुनेछ ।

> **"हे तिमी जसले आफ्नो अनुहारलाई ईश्वरतिर फर्काएका छौ ! तिम्रा आँखाहरू सम्पूर्ण अरू वस्तुहरूतिर बन्द गर, सर्व-गौरवमयको अधिराज्यतिर तिनीहरूलाई खोल । तिमीले जेसुकै इच्छा गर्छौ; केवल उनैसँग मात्रै माग, तिमीले जेसुकै प्राप्त गर्न चाहन्छौ केवल उनैको मात्रै याचना गर । एकै नजरमा उनले एक लाख आशाहरू प्रदान गर्दछन्, एकै झलकमा एक लाख असाध्य रोगहरू निवारण गर्दछन्, एकै सहमतिमा हरेक घाउमा शीतल मलहम लगाइदिन्छन्, एकै क्षणमा शोकका बन्धनहरूबाट हृदयहरूलाई मुक्त गरिदिन्छन् । उनले जे गर्दछन् त्यहीं नै गर्दछन्, र हामीसँग के उपाय छ र ? उनले आफ्नै इच्छालाई पूरा गर्दछन्, उनलाई जे प्रिय लाग्छ त्यसैलाई निर्दिष्ट गर्दछन् । तब तिमीलाई यो राम्रो हुनेछ कि तिमीले आफ्नो शिर उनको अधीनतामा झुकाऊ र सर्व-दयालु प्रभुमा सम्पूर्ण भरोसा गर ।"[१७]**

## खण्ड ९

अहिलेसम्म हामीले जे जति अध्ययन गऱ्यौं, यसबाट यो स्पष्ट हुन्छ कि प्रार्थनामा ईश्वरतिर अभिमुख हुनु एउटा आध्यात्मिक जीवनको सारभूत आवश्यकता हो । विहान उठ्ने बित्तिकै र राती सुत्नुभन्दा पहिले विशेष गरेर ईश्वरको प्रार्थना गर्नुमा कत्ति मिठास हुन्छ होला ? हामीले प्रार्थनामा लगाउने समय र हामीले गर्ने प्रार्थनाहरूको संख्या हाम्रो आवश्यकता र हाम्रो आध्यात्मिक तिर्खामा निर्भर गर्दछ । हरेक अवसरमा, बहाउल्लाह, बाब र अब्दुल-बहाले प्रकट गर्नुभएका धेरै प्रार्थनाहरू मध्येबाट छान्न सकिन्छ । तैपनि बहाउल्लाहले प्रकट गर्नुभएका अनिवार्य प्रार्थनाहरू तीनवटा छन् । शोघी एफेन्दीले भन्नुहुन्छः

> **"दैनिक अनिवार्य प्रार्थनाहरू संख्यामा तीनवटा छन् । सबैभन्दा छोटो एउटा श्लोक मात्रको छ त्यसलाई चौबीस घण्टाभित्र एकपटक मध्यान्हमा पाठ गर्नुपर्छ । मध्यम, जुन यी शब्दहरूबाट सुरु हुन्छ 'प्रभु साक्षी छन् कि उनका अतिरिक्त अर्को कुनै ईश्वर छैन,' दिनभरिमा बिहान, दिउँसो र बेलुका गरी जम्मा तीन पटक पाठ गर्नुपर्छ । यो प्रार्थना केही भौतिक क्रियाकलापहरू र हावभावहरूसँगै गर्नुपर्छ । यी तीनवटा प्रार्थनाहरूमध्ये लामो प्रार्थना सबभन्दा विस्तृत छ र आफूलाई पाठ गर्ने इच्छा लागेको बेला चौबीस घण्टामा एकपटक पाठ गर्नुपर्छ ।**
>
> **"धर्मावलम्बीले तीनवटा प्रार्थनाहरूमध्ये कुनै पनि एउटा छान्न पूर्णरूपले सक्छ, तर जुनसुकै छाने पनि त्यसलाई तोकिएको निर्देशन अनुसार पाठ गर्नुपर्ने दायित्व भने उसैको हुन्छ ।"[१८]**

उहाँले अगाडि भन्नुहुन्छ:

**"यी दैनिक अनिवार्य प्रार्थनाहरू साथै अन्य केही तोकिएका प्रार्थनाहरू, जस्तै रोग निवारणको प्रार्थना, अहमदको धर्मपत्रलाई बहाउल्लाहले विशेष शक्ति र महत्व दिनु भएको छ, त्यसैकारण यिनीहरूलाई यस्तैरूपमा स्वीकार्नु पर्छ र धर्मावलम्बीहरूले परम भक्ति र विश्वासकासाथ पाठ गर्नुपर्छ, ताकि तिनीहरूले ईश्वरसँग अझ निकटतम सम्बन्ध स्थापना गर्न सकून् र उनका कानून र सिद्धान्तहरूसँग अझ बढी सम्बद्ध हुन सकून् ।"**[१९]

बहाउल्लाहद्वारा प्रकट गरिएका यी तीन अनिवार्य प्रार्थनाहरू व्यक्तिगत रूपमा गरिन्छन् । समूहिक प्रार्थना जहाँ एक अनिवार्य प्रार्थना केही निश्चित कर्म काण्डकोसाथ समूहमा गरिन्छ, बहाई धर्ममा यस्तो गरिंदैन । बहाई नियम अनुसार मृतकहरूको लागि प्रार्थना एक मात्र सामूहिक प्रार्थनाको प्रावधान छ । समाधिस्थ गर्नुभन्दा पहिले उपस्थित व्यक्तिहरूमध्ये कसैले एक यो प्रार्थना पाठ गर्दछन् तथा समूहका बाँकी मानिसहरू शान्तभएर उभिन्छन् ।

१. "अनिवार्यको" अर्थ के हो ? ______________________________

______________________________

२. बहाउल्लाहले कतिवटा अनिवार्य प्रार्थनाहरू प्रकट गर्नुभएको छ ? ______________

३. के हामीले हरेक दिन तीनवटै प्रार्थनाहरू गर्दछौं ? ______________________

४. यदि हामीले लामो अनिवार्य प्रार्थना छान्यौ भने यसलाई प्रत्येक दिन कति पटक गर्नुपर्छ ?

______________________________

५. मध्यम अनिवार्य प्रार्थना छान्यौ भने यसलाई कति पटक गर्नुपर्छ ? ______________

६. छोटो अनिवार्य प्रार्थना गर्‍यौं भने यसलाई कति पटक गर्नुपर्छ ? ______________

७. विशेष शक्ति भएका केही प्रार्थनाहरूको नाम दिनुहोस् ? ____________________

८. यदि तपाईंले छोटो अनिवार्य प्रार्थना कण्ठस्थ गर्नु भएको छैन भने अहिले गर्नुहोस्:

**"हे मेरा ईश्वर ! म साक्षी दिन्छु कि तिमीले मलाई चिन्न तथा तिम्रो पूजा गर्न तिमीले मलाई उत्पन्न गर्‍यौ । म अहिले यो स्वीकार गर्दछु कि म अशक्त छु, तिमी सर्व-शक्तिमान् छौ, म दरिद्रछु, तिमी सर्व-सम्पन्न छौ ।**

**"आत्म-परिपूर्ण र संकटमा तारणहारा परमात्मा तिमीबाहेक अन्य कोही छैन ।"**[२०]

९.  यो प्रार्थनामा हामीले के साक्षी दिन्छौं ? ______________________________

______________________________________________

______________________________________________

______________________________________________

## खण्ड १०

हामीले याद गर्नु पर्दछ कि अनिवार्य प्रार्थनाको कानून पालन गर्नुबाट प्राप्त आशीर्वाद तथा अन्य प्रार्थनाहरू एक्लै गर्नाले प्राप्तहुने पोषणको अतिरिक्त, जब हामीले प्रार्थनाको गान ठूला वा साना भेलाहरूमा सुनाउँछौ तब हाम्रा आत्माहरू उल्लासित हुन्छन् । बहाउल्लाहले हामीलाई बताउनु हुन्छः

> **"तिमी परम हर्ष र मैत्री भावसँग एकत्रित होऊ र करुणामय स्वामीले प्रकट गरेका श्लोकहरू पाठ गर । यसोगर्दा सत्य ज्ञानका ढोकाहरू तिम्रो अन्तस्करणमा खुल्नेछन् र तब तिम्रा आत्माहरू दृढताकासाथ सुसज्जित हुनेछन् र तिम्रा हृदयहरूमा उज्ज्वल हर्षले भरिएको महसुस हुनेछ ।"**[२१]

हामी सबैले यस कुराबाट अत्यन्तै आनन्द प्राप्त गर्दछौं कि पूरा विश्वमा प्रार्थना सभाहरू जसमा मित्रहरू र छिमेकीहरू ईश्वरसँग संवाद गर्न सँगै आउँछन्, यो हज्जारौंको संख्यामा बढिरहेको छ । विश्व न्याय गृहले लेख्नु भएको छः

> **"प्रार्थना सभाहरू ती अवसर हुन् जहाँ कुनै पनि आत्मा प्रवेश गर्न सक्दछ, पवित्र सुगन्धको श्वास लिन सक्दछ, प्रार्थनाहरूको मधुरताको अनुभव गर्न सकिन्छ, 'सृजनात्मक' शब्दमा चिन्तन गर्न सकिन्छ, चेतनाका प्वाँखहरूले उड्न सकिन्छ, आफ्ना 'प्रियतमसँग' संवाद गर्न सकिन्छ । मैत्री तथा साझा कार्यहरूका भावनाहरू उत्पन्न हुन्छन्, विशेष गरेर आध्यात्मिक उच्च वार्तालापमा जो स्वभाविक रूपले यस्तो समय उत्पन्न हुन्छ जसद्वारा "मानवरूपी नगर" खोल्न सकिन्छ ।"**[२२]

जब हामीले प्रार्थना गर्न अगाडि बढ्दछौं, केही क्षण हामी यस संसारका वस्तुहरूलाई हाम्रा मनबाट सफा गर्न शान्त भएर पर्खन्छौं । प्रार्थना गर्ने समयमा, हामीले आफ्ना विचारहरू ईश्वरमा केन्द्रित गर्दछौं । हामीले प्रार्थनाहरू पाठ गरिसकेपछि केही समय शान्त रहन्छौं र तुरुन्तै अर्को कृयाकलामा लाग्दैनौं । जब भेलाहरूमा अरूहरूले प्रार्थनाहरू गरेको हामीले सुन्दछौं, त्यति बेला पनि यस्तै गर्नुपर्छ । यस्ता अवसरहरूमा हामीले एउटा प्रार्थनामय स्थिति कायम र शब्दहरूलाई नजिकैबाट अनुसरण गर्नुपर्छ, जस्तो कि हामीले पनि पाठ गरिरहेका छौं ।

१. जब हामीले ईश्वरका श्लोकहरूको पाठ गर्दछौं त्यस बेला कुन चेतनाले एकत्रित हुनु पर्दछ ? ____________________

____________________

२. ईश्वरका श्लोकहरू एकत्रित भएर पाठ गरेमा हाम्रा भेलाहरूमा कस्ता प्रभावहरू पर्दछन् ? ____________________

____________________

____________________

____________________

३. प्रार्थना सभाहरू ती अवसरहरू हुन् जहाँ कुनै आत्मा

____________________,

____________________,

____________________,

____________________,

____________________, तथा

____________________।

४. प्रार्थना सभाहरूमा कस्ता भावनाहरू उत्पन्न हुन्छन् ? ____________________

____________________

____________________

५. प्रार्थना सभाहरूमा स्वभावैले उत्पन्न आध्यात्मिक उच्च वार्तालापहरूमा के प्रभाव पार्दछ ? ____________________

____________________

____________________

६ एक्लै अथवा समूहमा प्रार्थना गर्दा हामीले आदरपूर्ण अभिवृत्ति दर्शाउनु पर्दछ, त्यसबारे केही शब्दहरू लेख्नुहोस् । ________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

## खण्ड ११

पुस्तकको पहिलो इकाईमा हरेक दिन लेखनीहरूबाट उद्धरणहरू पढ्ने र तिनीहरूको अर्थबारे विचार गर्ने विषयमा केन्द्रित गरिएको थियो । यहाँ तपाईंले प्रार्थनाको महत्वबारे चिन्तन गर्नुभयो, र परिणाम स्वरूप, दैनिक प्रार्थना गर्ने आदतहरूलाई प्रबलित गराउनुभयो । पहिलेका खण्डहरूमा सामुदायिक उपसनाको महत्वबारे ध्यान आकर्षित गरायो । अहिलेसम्म जे तपाईंले पढ्नुभयो, त्यसले तपाईंलाई तयार गरायो कि यदि तपाईंले चाहेमा सेवाको लागि प्रार्थना सभा आयोजना गरेर पहिलो पाइला उठाउन सक्नुहुन्छ ।

पहिलो पाइलाको रूपमा, तपाईंले धेरै प्रार्थनाहरू कण्ठस्थ गर्न सक्नुहुन्छ र केही मित्रहरूसँग तिनीहरूलाई साझा गर्ने मौका पाउन सक्नुहुन्छ । यहीं समयमा, तपाईंको समुदायमा कम्तिमा पनि एउटा प्रार्थना सभामा उपस्थित हुन सक्नुहुन्छ, तथा यसको उत्साही समर्थकहरूमध्ये पर्नुहुन्छ । अन्त्यमा तब तपाईं आफैले प्रार्थना सभा आयोजना गर्ने निर्णय गर्न सक्नुहुन्छ, त्यसमा आफ्ना मित्रहरू, परिवारका सदस्यहरू र छिमेकीहरूलाई नियमित रूपमा प्रार्थना र मित्रताको लागि आमन्त्रण गर्न सक्नुहुन्छ । यस पाठचक्रमका दुई वा तीन सहभागीहरूको लागि एकैसाथ यसप्रकारको प्रार्थना सभा आयोजित गर्नु असामान्य भने होइन ।

जब तपाईंले कल्पना गर्न सक्नुहुन्छ कि कसरी प्रार्थन सभा आयोजना गर्ने बारे कुनै सूत्रहरू छैनन् । तर यो स्पस्ट छ कि मित्रहरू भेला भएर प्रार्थनाहरू गर्दछन्, पवित्र लेखनीहरूबाट उद्धरणहरू पढिन्छन् र उत्कृष्ट वार्तालापहरू गरिन्छन्, सबै एक उत्कृष्ट वातावरणमा हुन्छ । के तपाईंले प्रार्थना सभाको पृष्ठभूमिमा, निम्न विचारहरूबारे केही शब्दहरू लेख्नुहुन्छ ?

न्यानो तथा प्रेमपूर्ण आमन्त्रण: ______________________________

______________________________

______________________________

स्वागतयोग्य वातावरण सृजना गर्नु: ______________________________

______________________________

______________________________

श्रद्धापूर्ण वातावरण कामय गर्नु:

______________________________

______________________________

______________________________

आनन्दपूर्ण सहचर्यलाई बढवा दिनु: ______________________________

______________________________

______________________________

आध्यात्मिक रूपबाट उत्कृष्ट वार्तालापलाई प्रोत्साहित गर्नु: ______________________________

______________________________

______________________________

# REFERENCES


1. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), XLIII, par. 4, p. 105.

2. Bahá'u'lláh, in *Trustworthiness: A Compilation of Extracts from the Bahá'í Writings*, compiled by the Research Department of the Universal House of Justice (London: Bahá'í Publishing Trust, 1987), no. 21, p. 5.

3. *The Call of the Divine Beloved: Selected Mystical Works of Bahá'u'lláh* (Haifa: Bahá'í World Centre, 2018), no. 2.43, p. 31.

4. From a talk given on 5 May 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by 'Abdu'l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá'í Publishing, 2012), p. 127.

5. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 13, pp. 6–7.

6. From a letter dated 8 December 1935 written on behalf of Shoghi Effendi, published in *Prayer and Devotional Life: A Compilation of Extracts from the Writings of Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá and the Letters of Shoghi Effendi and the Universal House of Justice*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá'í Publishing, 2019), no. 71, p. 31.

7. Words of 'Abdu'l-Bahá, cited by J. E. Esslemont, *Bahá'u'lláh and the New Era: An Introduction to the Bahá'í Faith* (Wilmette: Bahá'í Publishing, 2006, 2017 printing), p. 106.

8. Ibid.

9. Bahá'u'lláh, in *Bahá'í Prayers: A Selection of Prayers Revealed by Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing Trust, 2002, 2017 printing), pp. 7–8.

10. Ibid., p. 9.

11. Words of 'Abdu'l-Bahá, cited in *Star of the West*, vol. 8, no. 4 (17 May 1917), p. 41.

12. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXVI, par. 2, p. 334; also in *Bahá'í Prayers*, p. iii.

13. Bahá'u'lláh, in *Bahá'í Prayers*, pp. 8–9.

14. Ibid., p. 12.

15. 'Abdu'l-Bahá, in *Prayer and Devotional Life*, no. 24, p. 7.

16. From a talk given by 'Abdu'l-Bahá on 5 August 1912, published in *The Promulgation of Universal Peace*, p. 345.

17. *Selections from the Writings of ‘Abdu’l-Bahá* (Wilmette: Bahá’í Publishing, 2010, 2015 printing), no. 22.1, pp. 75–76.

18. From a letter dated 10 January 1936 written on behalf of Shoghi Effendi, published in *Prayer and Devotional Life*, no. 61, p. 25.

19. From a letter dated 10 January 1936 written on behalf of Shoghi Effendi, quoted in *Bahá’í Prayers*, p. 301.

20. Bahá’u’lláh, in *Bahá’í Prayers*, p. 4.

21. Bahá’u’lláh, in *Prayer and Devotional Life*, no. 68, p. 29.

22. From a message dated 29 December 2015, published in *Framework for Action: Selected Messages of the Universal House of Justice and Supplementary Material, 2006–2016* (West Palm Beach: Palabra Publications, 2017), no. 35.49, p. 232.



# जीवन र मृत्यु

उद्देश्य

यो सराहनीय जीवन यो संसारमा केवल संयोग र परिवर्तनको लागि मात्र बनेको होइन, तर आत्माको विकासमा आफ्नो साँचो सार्थकता पत्ता लगाउनु हो ।

## खण्ड १

मानव आत्मा पदार्थ र भौतिक संसारभन्दा धेरै उच्च (उत्कृष्ट) छ। एउटा वार्तामा अब्दुल-बहाले व्याख्या गर्नुहुन्छः

> **"यी भौतिक शरीरहरू परमाणुहरूले बनेका हुन्छन्; जब यी परमाणुहरू विच्छेद हुन सुरु गर्छन् विघटन हुन थाल्दछन्, तब यसलाई, हामीले मृत्यु भएको भन्छौं...।**
>
> **"आत्मासँग यो फरक छ। आत्मा तत्वहरूको एउटा संयोजन होइन, यो धेरै परमाणुहरू मिलेर बनेको हुँदैन, यो एउटा अविभाज्य पदार्थ (तत्व) हो र त्यसैले अनन्त छ। भौतिक सृष्टिभन्दा यो पूर्णतया पर छ; यो अमर हुन्छ।"[1]**

१. "बनेको हुन्छ" भनेको के हो ? ______________________

२. के मानव आत्मा भौतिक शरीरहरू जस्तै विभिन्न तत्वहरू मिलेर बनेको हुन्छ ? ______

३. के मानव आत्मा एउटा भौतिक अस्तित्व हो ? ______________________

## खण्ड २

धर्मसंरक्षकज्यूको तर्फबाट लेखिएको एउटा पत्रले बताउँदछ कि "मानिसको आत्मा गर्भधारणको समयमा अस्तित्वमा आउँछ।"[2] "गर्भधारण" को अर्थको बारेमा एउटा प्रश्नको जवाफ दिंदै विश्व न्याय गृहले टिप्पणी गर्नुभएको छः

> **"बहाई लेखनीहरूमा केही पनि भेटिएको छैन जसले जैविक चरण र घटनाको प्रकृतिलाई "गर्भधारण" भनेर हुबहु वर्णन गरेको होस्। चिकित्साको सन्दर्भमा शब्दको उपयोग पनि गलत जस्तो देखिन्छ। वास्तवमा, गर्भधारण बारे एउटा बुझाइ यो हो कि यो निषेचनसँग मिल्दछ; अर्को कुरा, यो निषेचन र आरोपण पछि हुन्छ, जुन गर्भावस्थाको सुरुआत हो। यसैले, यो जान्न सकिन्न कि कहिले आत्माको सम्बन्ध भौतिक स्वरूपसँग हुन्छ, र त्यस्ता प्रश्नहरू मानव विचार वा अनुसन्धानद्वारा झन् जटिल हुन सक्छन् किनकि ती आध्यात्मिक संसारका रहस्यहरू र आत्माको स्वभावसँग सम्बन्धित छन्।"[3]**

१. मानव आत्मा कहिले अस्तित्वमा आउँछ ? ______________________

______________________________________________

२. के "गर्भधारण" शब्दले एउटा हुबहु जैविक चरणलाई वर्णन गर्दछ ? ____________

______________________________________________

## खण्ड ३

आत्मा र शरीरको सम्बन्ध भौतिक होइन; आत्मा शरीरमा प्रवेश वा छोड्ने गर्दैन र यसले भौतिक स्थान पनि लिंदैन । शरीरसँग यसको सम्पर्क प्रकाशको एउटा ऐनासँग जस्तै हो जसले यसलाई प्रतिबिम्बित गर्दछ । ऐनामा देखिने प्रकाश यस भित्रको होइन । यस्तै प्रकारले, आत्मा शरीर भित्र हुँदैन । अब्दुल-बहाले संकेत गरेझैं, **"विवेकशील आत्मा, वा मानव चेतना यस शरीरमा जन्मजात अस्तित्वमा आएको होइन-भन्न खोजेको हो, यो यसमा प्रवेश गर्दैन; जन्मजात र प्रवेश शरीरका विशेषताहरू हुन्, र विवेकशील आत्मा सबैभन्दा माथि पवित्र छ । आफ्नो जीवन आरम्भ गर्नको लागि यसले शरीरमा कहिल्यै प्रवेश गरेन, कि यसले शरीर छोड्नको लागि कुनै अन्य निवासको आवश्यकता हुन्छ । होइन, शरीरकोसाथ आत्माको सम्बन्ध भनेको ऐनाको सम्बन्ध बत्तीसँग जस्तै हो । यदि ऐना चम्किलो र दागरहित भयो भने बत्तीको प्रकाश त्यहाँ देखा पर्दछ, र यदि ऐना फुटेको वा धुलोले छोपिएको छ भने, प्रकाशलाई छिपाइन्छ ।"**[४]

१. तलका वाक्यहरूमा रहेका खालीठाउँहरू भर्नुहोस्:

क. विवेकशील आत्मा, ______________________________

आएको होइन-भन्न खोजेको हो, ________________ गर्दैन ।

ख. जन्मजात र ____________________ हुन्, र विवेकशील आत्मा

____________ पवित्र छ ।

ग. आफ्नो जीवन आरम्भ गर्नको लागि ________________ प्रवेश गरेन, कि

यसले शरीर ________________________ अन्य निवासको आवश्यकता

हुन्छ ।

घ. होइन, शरीरकोसाथ आत्माको सम्बन्ध भनेको ______________________

जस्तै हो ।

ङ. यदि ऐना चम्किलो र दागरिहित

________________________________ पर्दछ ।

च.	यदि ऐना फुटेको वा धुलोले छोपिएको छ भने,

___________________________ ।

२.	अहिलेसम्म हामीले जे अध्ययन गऱ्यौं त्यसको आधारमा, निम्न कुन कुन सत्य हुन् निर्णय गर्नुहोस्:

______आत्माको भौतिक जगतसँग सम्बन्ध हुँदैन ।

______आत्मा शरीर भित्र हुन्छ ।

______शरीर आत्माको मालिक हो ।

______आत्मा अमर छ ।

______मानिस ऊ वा तिनको प्रारम्भ हुन्छ जब आत्मा आफै भ्रूणसँग मिल्दछ ।

______जब यस संसारमा मानिस जन्मन्छ उसको जीवन सुरु हुन्छ ।

______मृत्युपछि व्यक्तिको भौतिक अस्तित्व सुरु हुन्छ ।

______जीवन हामीमा हर दिन घट्ने वस्तुहरूबाट बन्दछ ।

३.	आत्मा र शरीरको बीच सम्बन्धबारे वर्णन गर्नको लागि एउटा प्रकाशको बिम्ब र एउटा ऐना प्रयोग गर्नुहोस् । ______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

## खण्ड ४

आत्मा र शरीर बीच एक अत्यन्त विशिष्ट सम्बन्ध हुन्छ र ती दुवै मिलेर मानव बन्दछ। यो सम्बन्ध मर्त्य जीवनभरि मात्र रहन्छ। जब तिनीहरू बीच सम्पर्क सिद्धिन्छ, प्रत्येक आ-आफ्नो उद्गम स्थलमा फर्केर जान्छन्-शरीर माटोको जगतमा फर्कन्छ र आत्मा ईश्वरको आध्यात्मिक जगतहरूमा फर्कन्छ, जहाँ यसले प्रगति गर्दै जान्छ। अब्दुल-बहाले बताउनु हुन्छः

**"मानव आत्माको आदि हुन्छ तर अन्त्य हुँदैन: यो सधैंभरि अस्तित्वमा रहन्छ।"**[५]

उहाँले एउटा आफ्नो वार्तामा, स्पष्ट पार्नुभएको छः

**"आत्मालाई शरीर चाहिंदैन, तर शरीरलाई आत्मा चाहिन्छ, वा त्यो बाँच्न सक्दैन। आत्मा शरीर बिना बाँच्न सक्छ, तर आत्मा बिना शरीर मर्छ।"**[६]

र धर्मसंरक्षकज्यूले व्याख्या गर्नुहुन्छः

**"मानिसको आत्माको सम्बन्धमा: बहाई शिक्षाहरू अनुसार मानव आत्मा मानवको भ्रूणको रचनासँगै सुरु हुन्छ, र निरन्तर विकाश गरिरहन्छ तथा शरीरबाट अलग भएपछि अस्तित्वको अनन्त अवस्थाहरू पार गर्दछ। यसरी यसको प्रगति असीम हुन्छ।"**[७]

१. माथिका उद्धरणहरू मनमा राखेर, निम्न प्रश्नहरूको जवाफ दिनुहोस्:

क. के शरीरलाई एउटा आत्मा आवश्यक छ ? ________________________

ख. के आत्मालाई शरीर आवश्यक छ ? ________________________

ग. हामी मरेपछि शरीर र आत्माबीचको सम्बन्ध के हुन्छ ? ________________

________________________________________________

घ. मृत्युपछि आत्मालाई के हुन्छ ? ________________________

________________________________________________

ङ. आत्माको प्रगति कहिलेसम्म जारी रहन्छ ? ________________________

च. जीवनको अन्त्य कहिले हुन्छ ? ________________________

२. हामीले अध्ययन गरेका यी खण्डहरूमा निम्न कुन कुनमा सहमति छ निर्णय गर्नुहोस्:

______मृत्यु दण्ड हो ।

______शरीर र आत्मा बीचको सम्बन्ध केवल नश्वर जीवनभरि रहन्छ ।

______शरीरले अनन्तसम्म प्रगति गर्न सक्षम हुन्छ ।

______आत्माले सधैं प्रगति गरिरहन्छ ।

______मृत्यु जीवनको अन्त्य हो ।

______जब हाम्रा शरीरहरू उठ्नेछन् न्यायको दिन हुनेछ ।

______मृत्युपछि आत्मा पहिलेको तुलनामा धेरै स्वतन्त्र हुन्छ ।

______जीवन मृत्युसँग समाप्त हुन्छ ।

______हामी मृत्युदेखि डराउनु पर्दछ ।

______खाना, कपडा, आराम र मनोरन्जन आत्मालाई आवश्यक पर्दछ ।

______शरीरले आफ्नो शक्ति लगाउँदा आत्मा थकित हुन्छ ।

______शरीर बिमारी वा कमजोर हुनाले आत्मा प्रभावित हुँदैन ।

______मृत्यु पछि पनि मानवलाई भौतिक कुराहरूको आवश्यकता पर्दछ ।

## खण्ड ५

हामीले थाहा पायौं कि आत्माले भौतिक स्थान लिंदैन र प्रकृतिका नियमहरू अनुसार काम गर्दैन, जुन भौतिक वस्तुहरूले गर्दछन् । आत्माले शरीरको माध्यमद्वारा संसारमा प्रभाव पार्दछ, परन्तु आत्माले यसको शक्ति अभ्यासगर्ने यो एक मात्र साधन मात्रै हैन । बहाउल्लाहले घोषणा गर्नुहुन्छः

**"साँच्चै म भन्छु, मानव आत्मालाई सबै निर्गमन र प्रत्यागमनभन्दा उत्कृष्ट बनाइएको छ । यो शान्त छ, र यो अझ उच्चाइमा पुग्छ; यो गतिमान छ, र अझै यो स्थिर छ ।"**[८]

र अब्दुल-बहाले हामीलाई भन्नुहुन्छः

**"यो बुझ कि मानव आत्माको प्रभाव र अनुभूति दुई प्रकारको हुन्छ; यसको अर्थ हो (अर्थात) मानव आत्मासँग कार्य र बुझाइ (गराई र बुझाई वा कार्य र ज्ञान) का दुई तरिकाहरू छन् । एउटा तरिका शारीरिक उपकरण र इन्द्रियहरूको माध्यमबाट हो । यसरी यसले (आत्माले) आँखाको माध्यमबाट देख्दछ, कानबाट सुन्दछ र जिह्वाले बोल्दछ...।**

**आत्माको प्रभाव र कार्यको अर्को तरिका यी शारीरिक उपकरणहरू र ईन्द्रियहरू बिना हो ।"**[९]

१. तलका वाक्यहरूमा रहेका खालीठाउँहरू भर्नुहोस्:

क. मानव आत्मालाई __________ र ______________________________छ ।

ख. यो __________ र यो अझ ___________पुग्छ ।

ग. यो __________, र अझै __________ छ ।

२. दुईवटा तरिकाहरूको वर्णन गर्नुहोस् जसको माध्यमबाट आत्माले ग्रहण गर्दछ र यो संसारमा प्रभाव पार्दछ । ____________________________________________

____________________________________________

____________________________________________

३. के तपाईंले शारीरिक उपकरणहरू बिना आत्माको प्रभाव र कार्यका उदाहरणहरू दिन सक्नु हुन्छ ? ____________________________________________

## खण्ड ६

अब अघिल्ला खण्डहरूको छलफलको दृष्टिले, बहाउल्लाहका लेखनीहरूबाट निम्नलिखित लेखांश पढ्नुहोस्:

> **"तिमीले यो बुझ कि मानिसको आत्मा सबैभन्दा उच्च छ, र शरीर र मनका सबै दुर्बलताहरूबाट स्वतन्त्र छ। एउटा विरामीले कम्जोरीका संकेतहरू ती अवरोधहरूका कारण देखाउँछ जसले उसको आत्मा र शरीर बीच हस्थछेप गर्दछन्, किनकि आत्मा स्वयं कुनैमा पनि शारीरिक कष्टहरू (विकारहरू) बाट अप्रभावित रहन्छ। बत्तीको प्रकाशलाई हेर। बाह्य वस्तुले यसको ज्योतिलाई अवरोध गरेता पनि यसको प्रकाश मधुरो नभै अनवरत चम्किरहन्छ। यसरी नै मानिसको शरीरलाई प्रभावित पार्ने प्रत्येक रोग एउटा अवरोध हो जसले आत्मालाई आफ्नो अन्तर्निहित शक्ति र ऊर्जा प्रकट गर्नबाट रोक्छ। तथापि, जब यसले शरीर छोड्छ, यसले यस्तो उच्चताको संकेत गर्छ र यस्तो प्रभाव प्रकट गर्छ जसको बराबरी संसारको कुनै ताकतले गर्न सक्दैन। प्रत्येक शुद्ध, प्रत्येक परिस्कृत र पवित्र आत्मा अभूतपूर्व शक्तिले भरिपूर्ण हुनेछ, र आध्यात्मिक हर्षकासाथ खुशी मनाउने छ।"**[१०]

१. आफ्नै शब्दहरूमा वर्णन गर्नुहोस् कि शरीर र मनका सबै दुर्बलताहरूबाट आत्मा कसरी स्वतन्त्र हुन्छ र शरीरबाट अलग भएपछि के स्पष्ट हुन्छ ?

२. के हामीले भौतिक शरीर मृत्यु भएपछि आफ्नो व्यक्तित्व बनाएर राख्दछौं ? ____________

## खण्ड ७

बहाउल्लाह भन्नुहुन्छः

**"र अब मानव-आत्मा र मृत्यु उप्रान्त उसको अस्तित्वबारे तपाईंको प्रश्नको सम्बन्धमा: यो कुरा साँचो हो भनेर जान्नुहोस् कि शरीरबाट अलग भएपछि ईश्वरमा लीन नभइञ्जेलसम्म आत्माको प्रगति भइरहन्छ। उसको स्थिति र अवस्थामा युग तथा शताब्दीहरूको परिवर्तन र यस लोकमा हुने परिवर्तनको क्रम र अवसरहरूले कुनै प्रभाव पार्न सक्दैन। जबसम्म ईश्वरको अधिराज्य, उनको सार्वभौमसत्ता, उनको साम्राज्य र शक्ति रहिरहन्छ तबसम्म यो रहिरहने नै छ। यसले प्रभुको चिन्ह र उनका विशेषताहरूलाई प्रकट गर्दछ र उनको प्रेमपूर्ण कृपा र अनुग्रहलाई प्रदर्शित गर्दछ।"**[११]

१. शारीरिक मृत्युपछि आत्माको कहिलेसम्म प्रगति जारी रहनेछ ? ____________________

______________________________________________________________________

२. कुन स्थितिमा आत्माले ईश्वरको उपस्थितितिर आफ्नो अनन्त यात्रा जारी राख्दछ ?

______________________________________________________________________

______________________________________________________________________

३. आत्माले त्यस स्थितिमा प्रकटगर्ने केही विशेताहरू र चिन्हहरू के के हुन् ? ________

______________________________________________________________________

______________________________________________________________________

४. हामीले अध्ययन गरेको आधारमा निम्नलिखित कुन कुन सत्य हुन् निर्धारण गर्नुहोस् ?

______ईश्वरको साम्राज्य सधैंभरि रहिरहने छ।

______आत्मामा ईश्वरका विशेषताहरू प्रकटगर्ने क्षमता हुन्छ।

______मृतकका लागि गरिएका प्रार्थनाहरूले उनीहरूका आत्माहरूको प्रगतिलाई प्रभाव पार्दैन।

______आत्माको अस्तित्व कहिल्यै पनि नष्ट हुँदैन।

## खण्ड ८

बहाउल्लाह भन्नुहुन्छः

> **"तिमी के बुझ भने सुन्न सक्ने प्रत्येक कानले, त्यसलाई शुद्ध र चोखो राखिएमा, जहिले पनि र जतासुकैबाट पनि त्यो आवाज अवश्य सुन्दछ जसले यो पावन शब्दहरू उच्चारण गर्दछः 'निःसन्देह, हामी ईश्वरकै हौं र उनीमै हामी फिर्ता हुनेछौं ।' मानिसको भौतिक मृत्यु र उसको फिर्ती बारेका रहस्यहरू खोलिएका छैनन् र अझै पढिएका छैनन्...।**
>
> **"मृत्युले प्रत्येक सच्चा अनुयायीलाई त्यस्तो पेय दिन्छ जुन वास्तवमा जीवन नै हो । यसले आनन्द दिन्छ, र यो प्रसन्नताको सम्वाहक हो । यसले अनन्त जीवनको उपहार दिन्छ ।**
>
> **"जसले मानिसका सांसारिक अस्तित्वको फल चाखेका छन्, जुन भनेको एकमात्र सत्य ईश्वरलाई, उनका महिमाको जय होस्, मान्नु हो, तिनीहरूको यसपछिको जीवन कस्तो हुन्छ भने त्यसको वर्णन गर्न हामी सक्दैनौं । यस बारेको ज्ञान छ त फगत ईश्वरसँगै, जो सम्पूर्ण जगतहरूका स्वामी हुन् ।"[१२]**
>
> **"हे सर्वोच्चका पुत्र ! मैले मृत्युलाई तिमीहरू कहाँ आनन्ददायी समाचार पुऱ्याउने दूत बनाएको छु । तिमी किन दुःखित हुन्छौ ? तिमीमाथि आफ्नो चमक छर्न मैले प्रकाशको सृष्टि गरेको छु । तिमी आफै किन त्यसबाट आफूलाई ढाक्छौ ?"[१३]**

१. निम्न कुन कुन भनाइहरू सत्यछन्:

______मानिसको आत्मा ईश्वरबाट आउँछ र उहाँमा नै फर्केर जान्छ ।

______मृत्युपछि जीवनको सारा ज्ञान ईश्वरमा नै हुन्छ ।

______सच्चा अनुयायीको लागि मृत्यु जीवन हो ।

______मृत्यु प्रसन्नताको वाहक हो ।

______मृत्युका रहस्यहरू सबैलाई थाहा हुन्छ ।

______हामीले जीवनका अनुकम्पाहरूलाई साँचेर राख्नु पर्दछ, तर पनि मृत्युदेखि डराउनु हुँदैन, किनकि यो हर्षको संदेशवाहक हो ।

______मृत्यु पछिको जीवन बारे हामीले जान्नु महत्वपूर्ण छैन ।

२.	हामीले यी खण्डहरूमा के अध्ययन गर्‍यौं, त्यसलाई ध्यानमा राख्दै, जीवन, मृत्यु, शरीर र आत्माको बारेमा एउटा छोटो अनुच्छेद लेख्नुहोस्:

## खण्ड ९

अब्दुल-बहाले वर्णन गर्नुहुन्छ:

**"उसको जीवनको सुरुमा मानिस गर्भाशयको संसारमा थियो, जहाँ यस संसारमा उन्नति गर्न उसले क्षमता र योग्यता विकसित गर्‍यो । उसलाई यो संसारको लागि आँखाहरूको आवश्यकता पर्‍यो; उसले तिनीहरूलाई गर्भाशयको संसारमा प्राप्त गर्‍यो । उसलाई कानहरूको आवश्यकता पर्‍यो; उसले त्यहिं नै प्राप्त गर्‍यो । यस संसारमा आवश्यक सम्पूर्ण शक्तिहरू उसले गर्भाशयको संसारमा आर्जन गर्छ । त्यस संसारमा यस संसारको लागि उसले तयारी गर्‍यो र जब ऊ यो संसारमा प्रवेश गर्‍यो उसले देख्यो कि सम्पूर्ण आवश्यक शक्तिहरूबाट सम्पन्न थियो र यो जीवनको लागि यस संसारमा आवश्यक खुट्टाहरू र अङ्गहरू त्यस संसारमा प्राप्त गरेको थियो । यो संसारमा पनि यस्तै लागू हुन्छ कि उसले यस पछिको अर्को संसारको लागि तयार गर्नुपर्छ । उसलाई जसको ईश्वरीय साम्राज्यको संसारमा आवश्यक पर्दछ, उसले यहाँ नै अवश्य प्राप्त र तयारी गर्नुपर्छ । जसरी उसले गर्भाशयको संसारमा नै यस संसारको लागि आवश्यक सबै शक्तिहरू आर्जन गरेको थियो, त्यसरी नै ईश्वरीय साम्राज्यमा जुन शक्तिहरूको आवश्यकता हुन्छ-यो भनौ, सबै दिव्य शक्तिहरू-अवश्य नै यस संसारमा प्राप्त गर्नुपर्छ ।"[१४]**

१. यो निर्धारण गर्नुहोस् कि निम्नलिखित सत्य छन् वा छैनन्:

______यो संसारको लागि आवश्यक सम्पूर्ण शक्तिहरू गर्भाशयको संसारमा आर्जन गर्नुपर्छ ।

______अर्को संसारको जीवनको लागि आफै तैयारीगर्नु आवश्यक छैन ।

______ईश्वरीय साम्राज्यको संसारमा जे आवश्यक छ त्यहीं प्राप्त गर्नुपर्छ ।

______यो जीवनको उद्देश्य अर्को संसारको जीवनको लागि आवश्यक शक्तिहरू आर्जन गर्नु हो ।

______जब मानिसको मृत्यु हुन्छ तब दिव्य साम्राज्यमा गएर साचो जीवन सुरु हुन्छ ।

______साँचो जीवन यस संसारमा सुरु हुन्छ र भौतिक मृत्युपछि जारी रहन्छ ।

२. गर्भाशयको संसारमा मानवले प्राप्त गर्ने केही क्षमताहरू के के हुन् ?

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

३. मृत्युपछिको जीवनको लागि यहाँबाट प्राप्त हुने केही निधीहरू के के हुन् ?

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

## खण्ड १०

बहाउल्लाह घोषणा गर्नुहुन्छः

**"आजको दिनमा मानिसको सबैभन्दा पूरा कर्तव्य कृपाको बाढीको त्यो अंश प्राप्त गर्नु हो जुन ईश्वरले उसको लागि बहाउनु भएको छ। त्यसैकारण कसैले पनि भाँडो ठूलो अथवा सानो भएको कुरामा विरोध नगरोस्। कसैको भाग मानिसको हत्केलामा अट्ला, कसैको भागले एउटा प्याला भरिएला र कसैको भागले एउटा ग्यालन नै भरिएला।"[१५]**

१. माथिको उद्धरणको दृष्टिले, निम्न प्रश्नहरूको जवाफ दिनुहोस्:

क. यो दिनमा हरेक व्यक्तिको कर्तव्य के हो ? ______________________________

______________________________________________________________

ख. ईश्वरबाट तपाईंले प्राप्त गरेका केही आशीर्वादहरू के के हुन् ? ______________

______________________________________________________________

ग. माथिको उद्धरणमा "भाँडो" भनेर केलाई संकेत गर्दछ ? ____________________

______________________________________________________________

घ. "ठूलो अथवा सानो" क्षमता जुन हामीलाई प्रदान गरिएको छ त्यसबारे हामीले किन विचार गर्नुहुँदैन ? ______________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

ङ. ती केही कुराहरू के के हुन् जसले हामीलाई ईश्वरको कृपाको अंश प्राप्त गर्नबाट रोक्दछ ?

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

२. निम्नलिखित कुन कुन सत्य छन् ?

______"ठूलो अथवा सानो" हाम्रो क्षमता जति छ त्यसले हामी कति सिपालु छौं भन्ने कुरा संकेत गर्दछ ।

______ईश्वरको सेवा गर्न, हामीले आफ्ना कमजोरीहरूलाई विर्सनु पर्छ र हाम्रो सम्पूर्ण विश्वास उनैमा राख्नु पर्दछ ।

______यदि हामीले यो संसारमा ईश्वरले हामीलाई प्रदान गर्नु भएका क्षमताहरूको विकास गरेनौ भने, जब हामी अर्को संसारमा पुग्दा हाम्रा आत्माहरू कमजोर हुन्छन् ।

## खण्ड ११

बहाउल्लाहले वर्णन गर्नुहुन्छः

**"तिमीले मलाई आत्माको प्रकृतिबारे सोधेका छौ । स्पष्ट जान कि आत्मा भनेको ईश्वरको एक चिन्ह हो, एउटा अलौकिक रत्न जसको वास्तविकता सबभन्दा विद्वान व्यक्तिले पनि बुझ्न सकेको छैन र जसको रहस्य जतिसुकै तीखो बुद्धिले पनि खोलौंला भन्ने आशा गर्न सक्दैन । सृष्टि गरेका वस्तुहरूमध्ये यो पहिलो हो जसले आफ्ना स्रष्टाको सर्वोत्कृष्टताको घोषणा गर्दछ, उनको गरिमालाई चिन्ने, उनको सत्यमा लिप्त रहने तथा उनका सामुन्ने भक्तिपूर्वक नतमस्तक रहनेमा यो पहिलो हो ।"**[१६]

१. तलका वाक्यहरूमा रहेका खालीठाउँहरू भर्नुहोस्:

क. आत्मा भनेको ईश्वरको ______________ हो ।

ख आत्मा ______________ रत्न जसको ____________ सबभन्दा विद्वान व्यक्तिले पनि बुझ्न सकेको छैन र ____________ जतिसुकै तीखो बुद्धिले पनि खोलौंला ______________ ।

ग. आत्मा जसले आफ्ना ____________________घोषणा गर्दछ उनको __________ चिन्दछ ।

घ. आत्मा पहिलो हो जसले __________________चिन्दछ ।

ङ. आत्मा पहिलो हो जो _________________लिप्त हुन्छ ।

च. आत्मा पहिलो हो जो __________________सामुन्ने भक्तिपूर्वक नतमस्तक रहन्छ ।

२. निम्नलिखित कुन कुन सत्य छन् ?

______"खोल्नु" भनेको पत्ता लगाउनु ।

______सृष्टि गरिएका वस्तुहरूमध्ये ईश्वरलाई चिन्नेहरूमा पहिलो मस्तिष्क हो ।

______तीखो भनेको चलाख हो ।

______विद्वान मानिसले आत्माको रहस्य बुझ्दछ ।

______केवल महान दार्शनिकले ईश्वरको उत्कृष्टता बारे घोषणा गर्न सक्दछ ।

______आत्माको विषयमा ध्यान दिनु आवश्यक छैन किनभने आखिर हामीले कहिल्यै पनि यसलाई बुझ्न सक्नेछैनौं ।

## खण्ड १२

बहाउल्लाह घोषणा गर्नुहुन्छ:

**"तिमीहरू ठीक त्यो पंक्षीजस्तै छौ जुन आफ्ना बलिया पखेटाहरूको जम्मै शक्ति लगाएर एवं पूर्ण तथा आनन्दमय विश्वासकासाथ स्वर्गलोकको विशालतामा कावा खान्छ, तर आफ्नो भोक मेट्ने बाध्यताले मोहवश तल धर्तीमा पानी र माटोतिर फर्किन्छ र त्यसका चाहनाको जालमा आफू जहाँबाट आएको हो त्यसै दुनियातर्फ पुनः उडान सुरु गर्न आशक्त भएको पाउँछ । आफ्नो विकारयुक्त पखेटाहरूलाई थिच्ने बोझ झट्कारेर फाल्न अशक्त भएर त्यो पंक्षी, जो यसअघि स्वर्गको बासिन्दा थियो, अब धूलामा आफ्नो वासस्थान खोज्न बाध्य हुन्छ । तसर्थ, हे मेरा सेवकहरू हो, पथभ्रष्टता र बृथामोहको माटोले आफ्ना पखेटाहरू नबिटुल्याऊ र ईर्ष्या एवं घृणाको धूलोले विकारयुक्त हुनेगरि तिनलाई दुःख नदेऊ ताकि मेरा दिव्य ज्ञानको स्वर्गलोकमा कावा खान तिमीलाई अवरोध नहोस् ।"**[१७]

१. खाली स्थानमा भर्नुहोस्:

क. यस उद्धरणमा बहाउल्लाहले संकेत गर्नुभएको पंक्षी भनेको मानिसको________हो ।

ख. त्यो पंक्षी स्वर्गलोकको____________हो ।

ग. यदि यसका पखेटाहरू विकारयुक्त भएमा त्यो पंक्षी, जो ____________________

________________________________________________।

२. अब निम्न प्रश्नहरूको उत्तर दिनुहोस्:

क. आत्माका “पखेटाहरू” कसरी “विकारयुक्त” हुन्छन् ? ________________________

________________________________________________

________________________________________________

ख. ती केही बोझहरू के के हुन् जुन “धर्तीमा पानी र माटो” जस्तै आत्माका पखेटाहरूलाई भार पार्दछन् ? ____________________________________

________________________________________________

________________________________________________

ग. दिव्य ज्ञानको स्वर्गमा पुनः कावा खानाबाट हामीलाई बाधा गर्नसक्ने केही चिजहरू के के हुन् ? ____________________________________

________________________________________________

________________________________________________

घ. आत्माले आफ्नो श्वर्गलौकिक घरको सट्टामा यस लोकमा धूलो किन रोज्दछ ?

________________________________________________

________________________________________________

३. निम्नलिखित कुन कुन भनाइहरू सही छन् निर्णय गर्नुहोस्:

_____सांसारिक मोहले हाम्रो आध्यात्मिक प्रगतिलाई बाधा पुऱ्याउँछ।

_____ हाम्रा पथभ्रष्टता र बृथामोहहरूले हामीलाई दिव्य ज्ञानको स्वर्गलोकतिर उडान भर्नमा रोकिदिन्छ।

______ इर्ष्या र घृणा मानिसका स्वभाविक लक्षण हुन्, र यिनले आत्मालाई बोझ पार्दैनन् ।

______ यस संसारका वस्तुहरूबाट स्वयंलाई अनाशक्त गरेर ती बोझहरूबाट आफैलाई छुटकारा दिलाउन सकिन्छ जसले हामीलाई दिव्य ज्ञानको स्वर्गतिर उडान भर्नबाट रोक्दछ ।

______ आत्माको घर यस संसारमा नै छ ।

## खण्ड १३

बहाउल्लाह भन्नुहुन्छः

**“पृथ्वी, त्यहाँ बाँच्ने र त्यसमाथि विचरण गर्ने सारा जीवहरूको सृष्टि गरेपछि उनले (ईश्वरले), आफ्नो अप्रतिहत एवं सम्प्रभु इच्छाद्वारा, उनलाई प्रेम गर्ने र उनलाई चिन्ने अनौठो श्रेष्ठता र योग्यता मानिसलाई प्रदान गर्ने निर्णय गरे । यो एउटा यस्तो योग्यता हो जसलाई सारा सृष्टिको प्रमुख उद्देश्य र सृष्टिको प्रेरणास्रोतको रूपमा हेरिनु पर्दछ...। उनले हरेक सिर्जित वस्तुको अन्तरतम यथार्थलाई आफ्ना नामहरूमध्येको एउटा नामको ज्योतिले सिंगारेका छन् र त्यसलाई आफ्ना गुणहरूमध्येको एउटा गुणको गौरवको प्रापक बनाएका छन् । तर मानिसको यथार्थलाई भने उनले आफ्ना सारा नाम र गुणहरूको चमकद्वारा आलोकित गराएका छन् र आफ्नै व्यक्तित्वलाई प्रतिबिम्बित गर्ने ऐना बनाएका छन् । समस्त सिर्जित वस्तुहरूमध्ये मानिसलाई मात्र यति महान् दया र यति टिकाउ कृपा प्रदान गरिएको छ ।”[१८]**

१. तलको खाली ठाउँ भर्नुहोस्:

क. ईश्वरले आफ्नो इच्छाद्वारा, उनलाई प्रेम गर्ने र उनलाई चिन्ने

______________मानिस-लाई प्रदान गर्ने निर्णय गरे ।

ख. उनले हरेक सिर्जित वस्तुको अन्तरतम यथार्थलाई ____________________एउटा नामको __________________ छन् र त्यसलाई ________________ एउटा गुणको गौरवको ________ बनाएका छन् ।

ग. मानिसको यथार्थलाई भने उनले आफ्ना सारा नाम र गुणहरूको

____________________ गराएका छन् र ________________________ऐना बनाएका

छन् ।

२. अब निम्नलिखित प्रश्नहरूको उत्तर दिनुहोस्:

क. के तपाईंले ईश्वरका केही गुणहरू उल्लेख गर्न सक्नुहुन्छ ? ___________________

______________________________________________________________________

______________________________________________________________________

ख. ईश्वरका केही गुणहरू के के हुन् जसलाई मानव आत्माले प्रतिबिम्बित गर्नसक्छ ?

______________________________________________________________________

______________________________________________________________________

ग. यी गुणहरूलाई कसरी प्रदर्शित गर्न सकिन्छ ? ______________________________

______________________________________________________________________

______________________________________________________________________

घ. कुन महान कृपाको लागि मानिसलाई छानिएको छ ? _________________________

______________________________________________________________________

______________________________________________________________________

३. निम्नलिखित मध्ये कुन कुन सत्य छन् ?

_____ मानिस बाँकी सृष्टिभन्दा विशिष्ट छ ।

_____ ईश्वरलाई चिन्न र उनलाई प्रेमगर्ने क्षमता सृजनात्मक प्रेरणा हो र प्राथमिक उद्देश्य सम्पूर्ण सृष्टिमा अन्तर्निहित हुन्छ ।

_____ प्रत्येक सृष्ट वस्तुको यथार्थले ईश्वरका गुणहरूमध्ये एउटा गुणलाई प्रकट गर्दछ ।

_____ मानव आत्माले ईश्वरका सबै गुणहरूलाई प्रतिबिम्बित गर्न सक्दछ ।

## खण्ड १४

बहाउल्लाहले हामीलाई भन्नुहुन्छः

**"यी शक्तिहरू जसद्वारा दिव्य अनुकम्पाका सूर्य एवं स्वर्गीय निर्देशनका मुहानले मानिसको यथार्थलाई सम्पन्न गराएका छन् ती शक्तिहरू मानिसमा सुषुप्तावस्थामा रहेका हुन्छन्, जसरी एउटा मैनबत्ती भित्र ज्वाला र एउटा बत्ती भित्र प्रकाशका किरणहरूको क्षमता रहेको हुन्छ । जसरी ऐनाले प्रतिबिम्बित गर्नसक्ने सूर्यको प्रकाशलाई ऐनामा बसेको धूलो र मैलोले छोपेको हुन्छ उसरी नै यी क्षमताहरूको चमकलाई पनि सांसारिक माया मोहको पर्दाले छोपेको हुन्छ । न त मैनबत्तीले वा बत्तीले कुनै बह्य सहायताबिना आफ्नै प्रयासद्वारा आफूलाई बाल्न सक्छ, न त ऐना आफैले आफ्नो सतहमा बसेको धूलो र मैलो सफा गर्नसक्छ । यो कुरा प्रस्ट र प्रमाणित छ कि जबसम्म आगो बालिँदैन तबसम्म बत्तीलाई जलाउन सकिन्न र जबसम्म ऐनाको सतहबाट धूलो र मैलोलाई सफा गरिँदैन तबसम्म ऐनाले सूर्यको छविलाई प्रतिबिम्बित गर्न सक्दैन, न त त्यसले सूर्यको प्रकाश र महिमालाई नै प्रतिबिम्बित गर्न सक्छ ।"**[१९]

१. "सुषुप्त अवस्था" भनेको के हो ? ______________________________

______________________________________________

२. मानिसको आत्मामा कुन कुन क्षमताहरू सुषुप्त अवस्थामा हुन्छन् ? ______________

______________________________________________

३. बत्तीमा कुन क्षमता हुन्छ ? ______________________________

४. ऐनामा कुन क्षमता छ ? ______________________________

५. बत्तीलाई तपाईंले के गरे उज्यालो दिन्छ ? ______________________________

६. ऐनालाई तपाईंले के गरे उज्यालो प्रतिबिम्बित गर्दछ ? ______________________

______________________________________________

७. बत्ती र ऐनाले आ-आफ्ना क्षमतालाई आफै प्रकट गर्न सक्छन् त ? ______________

८. यी दुई उदाहरणहरूलाई हामी मानिसको आत्माका सम्बन्धमा कसरी लागू गर्न सक्छौं ?

______________________________________________

______________________________________________

______________________________________________

९. मानिसको आत्मालाई आफ्नो क्षमता प्रकट गर्न कसले लगाउन सक्दछ ? ____________

______________________________________________

## खण्ड १५

बहाउल्लाहले वर्णन गर्नुहुन्छः

**"पुरातन जीवलाई जान्ने ज्ञानको द्वार मानिसका समक्ष सदैव बन्द रहेको छ र बन्दै रहिरहने छ । उनको पवित्र प्रासाद कुनै पनि मानिसको बोधशक्तिभन्दा धेरै टाढा छ । तर उनको दयाको चिन्हस्वरूप र उनको करुणाको प्रमाणस्वरूप उनले आफ्नो दैवी मार्गदर्शनका दिवा प्रकाशहरूलाई अवतरित गराएका छन्, जो उनको दिव्य एकताका प्रतीक हुन् र यी पवित्रात्माहरूको ज्ञानलाई आफ्नै ज्ञान समान हो भन्ने आज्ञा गरेका छन् । जसले तिनलाई स्वीकार गर्दछ उसले ईश्वरलाई नै स्वीकार गर्दछ र जसले तिनको वचन सुन्न सक्दछ उसले ईश्वरको वचन सुन्न सक्छ । उनीहरूका अवतारको सत्यतालाई जसले प्रमाणित गरेको छ उसले ईश्वरको सत्यतालाई नै प्रमाणित गरेको छ । जो उनीहरूबाट विमुख भएको छ ऊ ईश्वरबाट पनि विमुख छ र जसले उनीहरूमा अविश्वास गरेको छ उसले ईश्वरमाथि पनि अविश्वास गरेको छ । तिनीहरूमध्ये प्रत्येकका ईश्वर ती मार्ग हुन् जसले यो संसारलाई ईश्वरीय संसारसित जोड्छन् । तिनीहरू धर्ती र स्वर्गमा रहने सबैका लागि ईश्वरको सत्यताको प्रमाण हुन् । मानिसहरूका बीचमा तिनीहरू ईश्वरका अवतार हुन्, ईश्वरका सत्यताका प्रमाण हुन् र उनका गौरवका चिन्ह हुन् ।"**[२०]

१. माथिको उद्धरणलाई ध्यानमा राखेर निम्नलिखित प्रश्नहरूको उत्तर दिनुहोस्:

क. के ईश्वरलाई सिधै जान्न हाम्रो लागि सम्भव छ ? ____________________

ख. त्यसो भए हामीले ईश्वरलाई कसरी जान्न सक्छौं त ? ____________________

______________________________________________________________________

ग. दैवी मार्गदर्शनका दिवा प्रकाशहरूमध्ये केहीको नाम दिनुहोस् ? ________________

______________________________________________________________________

घ. जसले ईश्वरका अवतारहरूलाई सुन्दछ उसले कुन आवाजलाई सुनेको हुन्छ ?

______________________________________________________________________

ङ. ईश्वरका अवतारहरूको वचनलाई वास्ता गरेनौं भने हामी कसबाट विमुख हुन्छौं ?

______________________________________________________________

२. तलका वाक्यहरू पूरा गर्नुहोस्:

क. पुरातन जीवलाई जान्ने ज्ञानको द्वार _______________________ बन्द रहेको छ र बन्दै रहिरहने छ ।

ख. _______________________ कुनै पनि मानिसको बोधशक्तिभन्दा धेरै टाढा छ ।

ग. तर उनको ________ चिन्हस्वरूप र उनको करुणाको प्रमाणस्वरूप उनले आफ्नो दैवी मार्गदर्शनका दिवा प्रकाशहरूलाई अवतरित गराएका छन् ।

घ. यी पवित्रात्माहरूको ज्ञानलाई ________________ समान हो भन्ने आज्ञा गरेका छन् ।

ङ. जसले _____________________ उसले ईश्वरलाई नै स्वीकार गर्दछ ।

च. जसले तिनको वचन सुन्न सक्दछ _______________________ सुन्न सक्छ ।

छ. अवतारको ______________________ गरेको छ उसले ईश्वरको सत्यतालाई नै प्रमाणित गरेको छ।

३. निम्न लिखित मध्ये कुन कुन सही छन्:

______ हामीले केवल आफ्नै आभ्यासहरूद्वारा आध्यात्मिक विकास गर्न सक्छौं।

______ ईश्वरले हामीलाई दिमाग दिएका छन्, यो नै हाम्रो प्रगतिको लागि पर्याप्त छ।

______ हामीले ईश्वरको प्रकटीकरणलाई पहिचान गरेर आध्यात्मिक रूपले प्रगति गर्न सक्दछौं र धेरै प्रयास भने गर्नुपर्दैन।

______ हामीले ईश्वरको प्रकटीकरणलाई पहिचान गरेर उनका शिक्षाहरू अनुसार प्रयास गरेर आध्यात्मिक रूपले प्रगति गर्न सक्दछौं।

______ हामी ईश्वरसँग सिधै जान सक्दछौं।

______ मानिस ईश्वर सरह बन्न सक्दछ।

______ ईश्वर मानविय समझभन्दा पर छन्।

______ जब हामीले ईश्वरीय प्रकटीकरणका शब्दहरू सुन्दछौं, हामीले ईश्वरका वाणीहरू सुनिरहेका हुन्छौं।

## खण्ड १६

बहाउल्लाह घोषणा गर्नुहुन्छः

**"अवतारहरू र ईश्वरका सन्देशवहाकहरूलाई तल पठाउनुको एकमात्र उद्देश्य मानवजातिलाई सत्यको सिधा मार्गमा हिंड्नको लागि मार्गदर्शन गर्नु हो । उहाँहरूको प्रकटीकरणको उद्देश्य समस्त मानिसहरूलाई शिक्षित गर्नु हो जसलेगर्दा उनीहरू, मृत्युको घडीमा परम पवित्रता एवं शुद्धता र पूर्णतः अनाशक्त भएर सर्बोच्च सिंहासनतिर आरोहण गर्दछन् ।"**[२१]

र अर्को अनुच्छेदमा उहाँले भन्नुहुन्छः

**"मानिस नै सर्वोच्च माङ्गलिक वस्तु हो । तथापि उचित शिक्षाको कमीले उसलाई त्यसैबाट वञ्चित गरेको छ जो उसभित्रै निहीत छ । ईश्वरका मुखारविन्दबाट निस्केको एक शब्दद्वारा उसलाई अस्तित्वमा ल्याइयो, थप अर्को शब्दद्वारा उसलाई आफ्नो शिक्षाका परमस्रोतलाई चिन्न प्रेरित गरियो, अझ थप अर्को शब्दद्वारा उसको स्थान र नियति सुनिश्चित गरियो । महान् जीव भन्छन्: मान्छेलाई अन्दाजै गर्न नसकिने मूल्यका रत्नहरूले भरिपूर्ण खानीका रूपमा मान । केवल शिक्षाले मात्रै यसलाई आफ्नो कोष (खजाना) प्रदर्शित गर्न लगाउँछ र मानव-जातिलाई त्यसबाट लाभ उठाउन समर्थ बनाउँछ । ईश्वरको पावन इच्छाको स्वर्गबाट पठाइएका पवित्र लेखनीहरूले प्रकट गरेका कुराहरूमा कुनै मानिस ध्यानमग्न भएमा उसले तुरुन्तै बुझ्ने छ कि तिनीहरूको उद्देश्य हो सबै मानिसहरूलाई एउटै आत्माको रूपमा मान्नु, ताकि 'अधिराज्य नै ईश्वरको हुनेछ' भन्ने शब्दहरू भएको छाप हरेक हृदयमा अंकित होस्, र दिव्य अनुकम्पा, करुणा र दयाको प्रकाशले सम्पूर्ण मानव-जातिलाई ढाकोस् ।"**[२२]

१. के उद्देश्यको लागि अवतारहरू र ईश्वरका सन्देशवाहकहरूलाई तल पठाइन्छ ?

________________________________________

२. उहाँहरूका प्रकटीकरणहरूको उद्देश्यमा के अन्तर्निहित छ ? ____________________

________________________________________

३. माङ्गलिक वस्तु भनेको के हो ? ________________________________

४. उचित शिक्षाको कमीले मानिसमा के के असरहरू पर्दछ ? ______________________

______________________________________________________________

५. उचित शिक्षाले के गराउन सक्दछ ? ____________________________________

______________________________________________________________

६. हाम्रो शिक्षाको स्रोत के हो ? ________________________________________

______________________________________________________________

७. हाम्रो नियति के हो ? ____________________________________________

______________________________________________________________

८. शिक्षाले प्रकट गराउने रत्नहरू कुन कुन हुन् ? _____________________________

______________________________________________________________

९. जब हामीले पवित्र लेखनीहरू मनन गर्दछौं, हामीले सजिलैसँग के पहिचान गर्दछौं ? ___

______________________________________________________________

## खण्ड १७

बहाउल्लाहले वर्णन गर्नुहुन्छः

**"यस अतिरिक्त, शरीरबाट छुट्टिएपछि आत्माको अवस्थाबारे तिमीले मलाई सोधेका छौ । तिमी सत्यलाई बुझ कि यदि मानिसको आत्मा ईश्वरको मार्गमा हिंडेको छ भने यो अवश्यमेव ती परम प्रियमा फर्केर जानेछ र उनको गरिमामा लिन हुनेछ । ईश्वरको औचित्यपरायणताको शपथ ! यसले यस्तो अवस्था प्राप्त गर्नेछ जसको चित्रण कुनै कलमले गर्न सक्दैन अथवा जसको वर्णन कुनै जिह्वाले गर्न सक्दैन । ईश्वरको धर्मप्रति**

**आस्थावान रहेर उनको मार्गमा अविचलित भई दरो किसिमले खडारहने आत्मा परलोक पुगेपछि यस्ता शक्तिले विभूषित हुन्छ कि उसमार्फत सर्व-शक्तिमान् रचित सम्पूर्ण लोकहरूले लाभ उठाउन सक्छन् ।"**[२३]

१. निम्न वाक्यहरू पूरा गर्नुहोस्:

क. मानिसको आत्मा ईश्वरको मार्गमा हिंड्छ भने, यो अवश्यमेव ______________

________________________________________________________________

ख. यसले यस्तो अवस्था प्राप्त गर्नेछ ______________________________________

________________________________________________________________

ग. ________को धर्मप्रति ___________ रहेर ____________मा अविचलित भई

दरो ______________________________ आत्मा _______________ यस्ता

________ विभूषित हुन्छ कि उसमार्फत _______________________ सम्पूर्ण

लोकहरूले ___________ सक्छन् ।

## खण्ड १८

बहाउल्लाहले भन्नुहुन्छ:

**"त्यो आत्मा धन्य छ जुन आफ्नो शरीरबाट छुट्टिने घडीमा संसारका मानिसहरूका व्यर्थ कल्पनाहरूदेखि शुद्ध हुन्छ । यस्तो आत्मा आफ्ना सृष्टिकर्ताको परम इच्छा मुताविक बाँच्ने र विचरण गर्ने गर्दछ, तथा सर्वोच्च बैकुण्ठमा प्रवेश गर्दछ । स्वर्गका परिचारिकाहरू, भव्यतम प्रासादहरूका बासिन्दाहरूले यसलाई वरिपरि घेर्नेछन्, र ईश्वरका दूतहरू र उनका रोजिएकाहरूले यसको सङ्गत खोज्नेछन् । उनीहरूसँग त्यस आत्माले निर्धक्क वार्तालाप गर्नेछ, र सम्पूर्ण जगतहरूका स्वामी ईश्वरका मार्गमा आफूले व्यहोर्नुपरेका कुराहरूको उनीहरूलाई वर्णन गरिनेछ ।"**[२४]

**"उसले (मान्छेले) पापीलाई क्षमा गर्नुपर्छ, र उसको नीच अवस्थालाई घृणा गर्नुहुँदैन, किनभने आफ्नै अन्त्य कस्तो हुने हो कसैलाई थाहा छैन । कैयौं पटक पापीले पनि मृत्युको घडीमा धर्मको सार प्राप्त गरेको छ, र अमृतको घुट्को पिएर उच्च**

**मण्डलीतर्फको उडान उडेको छ, एवं कैयौं पटक एक आस्थावान् विश्वासी पनि आफ्ना आत्माको आरोहणका घडीमा यति परिवर्तित भएको छ कि ऊ सबभन्दा गहिरो पातालको आगोमा खसेको छ !"**[२५]

१. शरीरबाट छुट्टिएपछि हाम्रो आत्माको अवस्था कस्तो हुन्छ ? ______________________

______________________________________________________________________

२. केही व्यर्थ कल्पनाहरू के के हुन् ? ________________________________________

______________________________________________________________________

३. व्यर्थ कल्पनाहरूबाट पवित्र रहेको आत्मा मृत्युपछि कुन अवस्थामा जीवित र चलायमान हुन्छ ? ______________________________________________________________

______________________________________________________________________

४. यस्ता आत्माहरू कसका सहचरीमा पुग्दछन् ? _________________________________

५. के यस्ता आत्माहरूले ईश्वरका अवतारहरू र ईश्वरका भक्तहरूसँग वार्तालाप गर्न सक्दछन् ? ____________________________________________________________

______________________________________________________________________

६. कहीले र कसरी हाम्रो जीवन सिद्धिने हो भन्ने कुरा हामीले पहिले नै जान्दछौं त ? _____

______________________________________________________________________

७. आफ्नो शाश्वत जीवन प्राप्तगर्न अहिले हामीले के गर्न सक्छौं ? ____________________

______________________________________________________________________

## खण्ड १९

अब्दुल-बहाले व्याख्या गर्नुहुन्छः

> "यसप्रकार, सबै विद्यामान वस्तुहरूले जस्तै यो तात्विक आवरण त्याग गरेपछि पनि मानिसको आत्मा सर्वदा रहिरहन्छ, जसले, विद्यमान वस्तुहरूले जस्तै निःसन्देह प्रगति गर्न सक्षम हुन्छन्, र यसरी मृतकको प्रगतिको लागि क्षमा दिन, दिव्य उपकारहरू, कृपाहरू र करुणाहरू प्राप्तिको लागि कसैले प्रार्थना गर्न सक्दछ । यसैकारण, बहाउल्लाहका प्रार्थनाहरूद्वारा, जो अर्को संसारमा अरोहण गरेका छन्, ईश्वरबाट क्षमायाचना र माफीको लागि याचना गरिन्छ । यसको अतिरिक्त, जसरी यो संसारमा मानिसहरूलाई ईश्वरको जरुरत पर्दछ, यस्तैगरि उनीहरूलाई परलोकमा पनि उनैको जरुरत पर्दछ । प्राणीहरू सधैं आवश्यकताग्रस्त छन्, र ईश्वर सधैंभरि उनीहरूदेखि पूर्णतया स्वतन्त्र छन्, चाहे यो इहलोकमा होस् वा परलोकमा ।"[२६]

मृतकका आत्माहरूलाई हामीले किन प्रार्थना गरिदिनु पर्दछ ? ____________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

____________________________________________________________

__________________________________________________________

## खण्ड २०

अब्दुल-बहा लेख्नुहुन्छः

> **"जब मानव आत्मा क्षणिक धुलोको थुप्रोबाट आकासिंदै ईश्वरको लोकमा आरोहण गर्दछ, तब पर्दाहरू हट्नेछन्, र शाश्वत सत्यहरू प्रकाशमा आउँनेछन्, र पहिले अज्ञात रहेका सम्पूर्ण कुराहरू स्पष्ट हुनेछन्, र लुकेका सत्यहरूबारे बोध हुनेछ।**
>
> **"विचार गर्नुहोस् कि एउटा मानिस, कसरी गर्भाशयको संसारमा, कानले नसुन्ने, र आँखाले नदेख्ने, र जिब्रो मूक रहको थियो; कसरी पूर्णतया ऊ बोध-क्षमतादेखि अनभिज्ञ थियो । तर, जस्तो कि एकपटक यस संसारमा प्रवेशगरेपछि, तब उसका आँखाले देख्नथाल्यो, उसको कानले सुन्नथाल्यो र जिब्रोले बोल्न थाल्यो । यस्तैप्रकारले, उसले नश्वर स्थानबाट ईश्वरको अधिराज्यतिर हतारिन्छ, र तब त्यहाँ चेतनाको जन्म हुनेछ, र ज्ञान चक्षु खुल्नेछ र आत्माको कानले सुन्ने छ, सम्पूर्ण सत्यहरू जो ऊ पहिले अनभिज्ञ थियो त्यसलाई साफा र स्पष्ट बनाइने छ।"[२७]**

१. तलका खाली ठाउँहरू भर्नुहोस्:

क. जब मानव आत्माले यो संसारलाई छोड्दछ तब

— पर्दाहरू ________________

— र शाश्वत सत्यहरू ________________

— र पहिले अज्ञात रहेका सम्पूर्ण कुराहरू ________________

— र लुकेका सत्यहरू ________________

ख. गर्भाशयको __________, कानले ________, र आँखाले ________, र जिब्रो _______ रहको थियो।

ग. जब यस संसारमा जन्मेपछि, तब हाम्रो आँखाले ____________, हाम्रो कानले __________ र हाम्रो जिब्रोले ________ थाल्यो।

घ. त्यसैले, जब हामी नश्वर स्थानबाट ईश्वरको अधिराज्यतिर हतारिन्छौं, तब त्यहाँ ________ जन्म हुनेछ।

ङ. तब हाम्रो ज्ञान चढ्छु ________ र आत्माको कानले _______, सम्पूर्ण

_______________ पहिले अनभिज्ञ थियो त्यसलाई ______________ बनाइने छ ।

२. निम्नलिखित कुन कुन भनाइहरू सत्यछन्:

______ जब हामी गर्भाशयको संसारमा हुन्छौ, हामीलाई यो संसारबारे थाहा हुन्छ ।

______ मृत्युपछिको हाम्रो अवस्था यो जीवनको लागि हाम्रो लुकेको सत्य हो ।

______ क्षितिजहरू, पूर्णरूपले नयाँछन्, मृत्युपछि हाम्रो अगाडि खुल्नेछन् ।

______ जब हाम्रो मृत्युहुन्छ, हामी फेरि यहीं संसारमा फर्कन्छौं ।

## खण्ड २१

बहाउल्लाह बताउनुहुन्छः

> **"र अब तिम्रो यो प्रश्नको सम्बन्धमा शरीरबाट तिनीहरू विच्छेद भएपछि के मानव आत्माहरू एक-आपसमा सचेत रहन्छन् । यो कुरा तिमीले बुझ कि बहाका मानिसहरूका आत्माहरू जो सिम्रिक नौका भित्र प्रवेश गरेका छन् र स्थापित भइसकेकाछन् भने, मिल्ने छन् र एक-अर्कोसँग आत्मीय संवाद गर्नेछन् र उनीहरूको जीवनमा एकदम धेरै नजिकसँग जोडिने छन्, उनीहरूका आकाँक्षाहरू, उनीहरूका लक्ष्यहरू एउटै आत्मा जस्तै भएर रहने प्रयास गर्नेछन् । उनीहरू वास्तवमा ती मानिसहरू हुन् जसलाई राम्ररी जानकारी गराइएको छ, जो तीक्ष्ण दृष्टि भएका छन्, र जो समझदारीले सुसज्जित छन् । यसप्रकार उहाँबाट नै निर्दिष्ट गरिएको छ, जो सर्व-ज्ञाता र सर्व-बुद्धिमान छन् ।**
>
> **"बहाका जनताहरू, जो ईश्वरको नौकाका बासिन्दाहरू हुन्, एक र सबैजना, एक-अर्काको स्थिति र अवस्थाबारे राम्रोसँग सचेत छन्, र आत्मियता र मैत्रिका बन्धनहरूमा जोडिएका छन् । यस्तो स्थिति, कसैगरे पनि, उनीहरूको आस्था र आचरणमा निर्भर हुनुपर्दछ । उनीहरू एउटै दार्जा (श्रेणी) र स्थानको भएको हुनाले एक-अर्कोको क्षमता, चरित्र, उपलब्धिहरू र योग्यताहरूदेखि पूर्णतया परिचित छन् । उनीहरू जो एक निम्न स्तरका छन्, तापनि, पूर्णतया स्थान प्राप्तगर्न असमर्थ भएमा, योग्यताहरूको अनुमान गरेमा, ती माथि तिनीहरूकै श्रेणीमा हुन्छन् । प्रत्येकले प्रभुबाट आफ्नै भाग ग्रहण गर्दछन् । धन्य छ त्यो मानिस जसले आफ्नो अनुहार ईश्वरतिर फर्काएको छ, र उनको प्रेममा दृढभएर हिंडेको छ, जबसम्म कि उसको आत्माले ईश्वरतर्फ उडान भर्दछ, सबैका सार्वभौम प्रभु, महा-शक्तिशाली, सर्व-क्षमाशील, सर्व दयालु ।"[२८]**

१. अर्को संसारमा के हामीले यो संसारमा भएका मानिसहरूलाई चिन्ने छौं ? ____________

२. अर्को संसारमा आत्माहरूको बीचको संपर्क कति नजिक हुन्छ होला ? ____________

________________________________________________

३. अर्को संसारमा आत्माहरू बीच अन्तर र विशिष्टता के कुरामा निर्भर गर्दछ ? _______

________________________________________________

४. के कुनै ईश्वरको कृपाबाट वञ्चित हुन्छ ? ____________________________

## खण्ड २२

बहाउल्लाह भन्नुहुन्छः

> **"हे मेरा सेवकहरू हो ! तिम्रा चाहनाभन्दा उल्टा कुराहरू ईश्वरले यी दिनहरूमा र यस धर्तीका सतहमा विधान गरिदिएका छन् वा प्रकट गरिदिएका छन् भनी दुःख नमान, कारण तिम्रा लागि परमानन्दका, स्वर्गलौकिक आल्हादका दिनहरू निश्चयमेव साँचिएका छन् । पवित्र तथा आध्यात्मिक गरिमामय लोकहरू तिम्रासमक्ष अनावृत्त हुनेछन् । यस लोक र आगामी लोकमा तिम्रा लागि निर्धारित नियति हो तिनका लाभहरूमा भाग बस्ने, तिनका आनन्दहरू बाँडी लिने र तिनको उत्साहप्रद करुणाबाट एकभाग प्राप्त गर्ने ।"**[२९]

१. निम्नलिखित कुन कुन सत्य छन् निर्णय गर्नुहोस्:

_____ हामीले चाहेजस्तो भएन भने हामी खिन्न हुनुपर्छ ।

_____ राम्रो होस् वा नराम्रो, सबैथोक ईश्वरकै विधान हो ।

_____ खुसीयालीका दिनहरूले हामी सबैलाई पर्खिरहेका छन् ।

_____ पवित्र र आध्यात्मिक गौरवका संसारहरू हेर्नको लागि हामी ढुक्क छौं ।

_____ यो जीवन तथा यस पछिको जीवन दुवैमा पवित्र र आध्यात्मिक भव्यतादेखि परिपूर्ण संसारहरूबाट लाभ प्राप्त गर्नु हाम्रो नियति हो ।

२. हामीले इच्छा गरेभन्दा उल्टा कुराहरू भए भने हामीले किन दुःख मान्नु हुँदैन ?

______________________________

______________________________

______________________________

______________________________

______________________________

३. यस उद्धरणमा बहाउल्लाहले हामीलाई के विश्वास दिलाउनु भएको छ ?

______________________________

______________________________

______________________________

______________________________

## खण्ड २३

यो इकाईमा, तपाईंले मानव जीवनको अर्थबारे चिन्तन गर्नुभयो । यसमा तपाईंले आत्माको प्रकृति, यो संसारमा जीवनको उद्देश्य, आध्यात्मिक गुणहरूको विकासको महत्व, र भव्य एवं हर्षले भरिएको अनन्त जीवनको लागि हामीलाई प्रदान गरिएको प्रतिज्ञाबारे अतिधेरै नै सिक्नुभयो । पुस्तकको दोस्रो इकाईमा, हामीले स्वयंको लागि आध्यात्मिक र बौद्धिक विकासलाई अगाडि बढाउन र समाजको रूपान्तरणलाई योगदान गर्नको लागि एक दोहोरो उद्देश्यबारे कुरा गर्‍यौं । यहाँ फेरि त्यस अवधारणामा फर्कन र यस उद्देश्यका दुवै पक्षहरूबारे ध्यान दिनुपर्ने महत्वबारेमा, त्यस अन्तर्दृष्टिको सन्दर्भमा जो तपाईंले आध्यात्मिक प्रगतिको बारेमा प्राप्त गर्नुभयो, यो सोच्नुपर्ने एक अवसर हो । तपाईंले समूहमा निम्नलिखित विषयमा चर्चा गर्दा तपाईंको चिन्तन लाभान्वित हुनसक्छ ।

*१. आध्यात्मिक गुणहरूको विकास गर्नु*

*२. ईश्वरका कानूनहरूको पालना गर्नु*

*३. मानवजातिको कल्याणमा योगदान गर्नु*

*४. सेवाको मार्गमा अगाडि बढ्नु*

# REFERENCES


1. From a talk given on 10 November 1911, published in *Paris Talks: Addresses Given by 'Abdu'l-Bahá in 1911* (Wilmette: Bahá'í Publishing, 2006, 2016 printing), no. 29.12–13, p. 109.

2. From a letter dated 1 April 1946 written on behalf of Shoghi Effendi, published in *Lights of Guidance: A Bahá'í Reference File* (New Delhi: Bahá'í Publishing Trust, 1988, 2010 printing), no. 1820, p. 537.

3. From a letter dated 28 July 2016 written on behalf of the Universal House of Justice.

4. 'Abdu'l-Bahá, in *Some Answered Questions* (Wilmette: Bahá'í Publishing, 2014, 2016 printing), no. 66.3, pp. 352–53.

5. Ibid., no. 38.5, p. 220.

6. From a talk given by 'Abdu'l-Bahá on 9 November 1911, published in *Paris Talks*, no. 28.16, p. 104.

7. From a letter dated 31 December 1937 written on behalf of Shoghi Effendi, published in *Lights of Guidance*, no. 680, p. 204.

8. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), LXXXII, par. 8, p. 183.

9. 'Abdu'l-Bahá, in *Some Answered Questions*, no. 61.1–2, p. 334.

10. *Gleanings from the Writings of Bahá'u'lláh*, LXXX, par. 2, p. 174.

11. Ibid., LXXXI, par. 1, p. 176.

12. Ibid., CLXV, par. 1–3, pp. 391–92.

13. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 32, p. 11.

14. From a talk given on 6 July 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by 'Abdu'l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá'í Publishing, 2012), pp. 315–16. (authorized translation)

15. *Gleanings from the Writings of Bahá'u'lláh*, V, par. 4, p. 8.

16. Ibid., LXXXII, par. 1, pp. 179–80.

17. Ibid., CLIII, par. 6, pp. 370–71.

18. Ibid., XXVII, par. 2, pp. 72–73.

19. Ibid., XXVII, par. 3, p. 73.

20. Ibid., XXI, par. 1, pp. 54–55.

21. Ibid., LXXXI, par. 1, p. 177.

22. Ibid., CXXII, par. 1, pp. 293–94.

23. Ibid., LXXXII, par. 7, p. 182.

24. Ibid., LXXXI, par. 1, pp. 176–77.

25. Ibid., CXXV, par. 3, pp. 300–1.

26. ‘Abdu’l-Bahá, in *Some Answered Questions*, no. 62.3, pp. 340–41.

27. *Selections from the Writings of ‘Abdu’l-Bahá* (Wilmette: Bahá’í Publishing, 2010, 2015 printing), no. 149.3–4, pp. 246–47.

28. *Gleanings from the Writings of Bahá’u’lláh*, LXXXVI, par. 1–2, pp. 192–93.

29. Ibid., CLIII, par. 9, p. 373.